जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २४७ • २०८० साल माघ २० गते शनिबार (3 Feburary, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# उपयुक्त समय हेरेर एमाले समर्थन फिर्ता लिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारबाट जनमत पार्टीले समर्थन फिर्ता लिए पनि नेकपा एमालेले भने समर्थन कायम राख्ने भएको छ । जनमतले समर्थन फिर्ता लिएपछि एमालेले पनि समर्थन फिर्ता लिने आकलन गरिएको थियो । तर, एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले भने समर्थन फिर्ता लिने उपयुक्त समय नआएको बताएका छन् ।

एमाले प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेको बताउँदै सरकारलाई सहीबाटोमा डोऱ्याउने काम गरिरहेको बताए । अहिले प्रतिपक्षी दलका रुपमा रहेको एमालेले भने मधेश सरकारप्रति समर्थन कायम राख्दै आएको छ । त्यसैले जनमत पार्टीले अब आफू प्रमुख प्रतिपक्ष दल हुनुपर्ने दाबी गरेको छ ।

सरकारलाई दिएको समर्थन कायम राख्ने हो भने प्रमुख प्रतिपक्षी दलको हैसियत गुम्ने खतरा देखिएपछि एमालेले समर्थन फिर्ता लिने तयारी गरिरहेको स्रोत बताउँछ ।

जनमत पार्टीका मधेश प्रदेश सभाका प्रदेश सांसद एवं संसदीय दलका नेता महेश यादवले आफ्नो दललाई प्रमुख प्रतिपक्षी दलको मान्यता दिन माग गर्दै सभामुख रामचन्द्र मण्डललाई पत्र बुझाइसकेको छ । सरकारलाई समर्थन जनाएका कारण एमाले प्रमुख प्रतिपक्षको भूमिकामा रहन नमिल्ने जिकिरसहित जनमत पार्टीले आफू सरकारमा नरहेको र सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएका कारण प्रतिपक्षको मान्यता पाउनुपर्ने दाबी गरेको छ ।

प्रतिपक्षी दलका लागि कम्तीमा १० प्रतिशत सांसद रहेको र सरकारमा सहभागी नभएको दललाई प्रतिपक्ष दलको मान्यता दिनुपर्ने हुन्छ । यसअघि एमाले, जनमत लगायतका सबै दलले





जसपा नेतृत्वको सरकारलाई समर्थन दिएका थिए ।

अहिले जनमतले समर्थन फिर्ता लिएपछि प्रतिपक्षी दलको भूमिका खोजेको छ । १०७ सदस्यीय प्रदेशसभामा जनमत पार्टीका १३ जना सदस्य छन् । एमालेका २३ जना प्रदेशसभा सदस्य छन् । एमालेले प्रमुख प्रतिपक्ष दलको हैसियत गुमाउनुपर्ने अवस्था आएमा सरकारलाई दिएको समर्थन फिर्ता लिने विकल्प रोज्ने योजना बनाएको छ ।

जनमत पार्टीले प्रतिपक्षको भूमिका खोजेपछि प्रदेशसभाका सभामुख मण्डलले एमालेसँग छलफल गरेका थिए । सो छलफलमा एमालेले बरु आफूहरु सरकारलाई दिएको समर्थन फिर्ता लिने तर प्रमुख प्रतिपक्ष दलको भूमिका नछाड्ने जनाएको स्रोतको भनाइ छ ।

मधेश प्रदेशसभा एमालेका संसदीय दलका नेता सरोज यादवले आफूहरुले उपयुक्त समय हेरेर सरकारलाई दिएको समर्थन फिर्ता लिने बताए । उनले भने, 'प्रमुख प्रतिपक्ष दलको हैसियत पाउन सरकारलाई समर्थन दिएको वा नदिएको विषयले कुनै अर्थ राख्दैन, सरकारमा रहेको अवस्थामा मात्र प्रतिपक्षमा रहन मिल्दैन, समर्थन दिएका कारण प्रतिपक्षमा रहन पाउँदैन भन्ने होइन ।'

यद्यपि सरकारले राम्रो काम नगरेका कारण समर्थन फिर्ता लिने तयारीमा रहेको र उपयुक्त समयमा फिर्ता लिने उनले बताए । 'सरकारले राम्रो काम गरोस् भनेरै हामीले मुख्यमन्त्रीलाई विश्वासको मत दिएका थियौँ तर एक वर्ष बितिसक्दा पनि खासै राम्रो काम गरेको नदेखिएका कारण समर्थन फिर्ता लिने तयारी गरिरहेका छौँ,' उनले भने ।

# ड्युटीमा खटिएका ट्राफिक प्रहरीमाथि छुरा प्रहार

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको नवलपुर स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय अगाडि ड्युटीमा खटिएका ट्राफिक प्रहरीमाथि छुरा प्रहार भएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत लालबन्दी नगरपालिका-१ नवलपुर स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयमा कार्यरत ट्राफिक प्रहरी जवान प्रमोद महतोमाथि छुरा प्रहार भएको छ ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना १९ प २५५५ नम्बरको मोटरसाइकलमा आएका रौतहट, राजपुर-१ का यमामुद्दीन देमाानले चेकिङका क्रममा विवाद भएपछि ड्युटीमा खटिएका ट्राफिक प्रहरी जवानलाई छुरा प्रहार गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

छुरा प्रहार गरी भाग्न खोजेका देमानलाई तत्काल पक्राउ गरी इलाका प्रहरी कार्यालय लालबन्दीको हिरासतमा राखिएको प्रहरी प्रवक्ता ओमप्रकाश यादवले जानकारी दिए । नेसनल मेडिकल कलेज वीरगञ्जमा घाइते ट्राफिक प्रहरी जवान महतोको उपचार भइरहेको छ । उनको अवस्था सामान्य रहेको प्रहरीको भनाइ छ ।





# दोहोरो नागरिकताको मुद्दामा अनुसन्धान सुस्त

**टुडे समाचारदाता**

राजविराज । दोहोरो नागरिकता सम्बन्धी मुद्दाको अनुसन्धानमा गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय साढे चार वर्षदेखि पत्राचारमा सीमित छन् । त्यसबाहेक अनुसन्धानको प्रक्रिया अघि बढेको छैन । गृहले जिल्ला प्रशासनलाई पत्राचार गर्ने र जिल्ला प्रशासनले गृहलाई पत्राचार गर्नेबाहेक दोहोरो नागरिकताको मुद्दामा अनुसन्धान अघि बढेको छैन ।

नेपालस्थित भारतीय दूतावासले कन्सुलर सेवा विभागलाई ०७६ सालमा पत्राचार गर्दै सप्तरीको राजविराजमा बसोवास गरिरहेका राजेन्द्रकुमार रुगंटा, उनकी श्रीमती मंजु रुंगटा, छोराहरु राहुलकुमार रुगंटा र अंकितकुमार रुंगटा तथा छोरी पूजा रुगंटाको दोहोरो नागरिकता रहेको भन्दै अनुसन्धान गरी कारबाहीका लागि पत्राचार गरेको थियो ।

कन्सुलर सेवा विभागको चलानी नम्बर एडिएम ७६०३०३७ को मिति २०७६ साल असार ३ गते गृह मन्त्रालयलाई पत्र पठाउँदै पाँचै जनाको दोहोरो नागरिकताका विषयमा अनुसन्धान गरी कारबाहीका लागि आग्रह गरिएको छ ।

त्यसपछि मन्त्रालयले कन्सुलर सेवा विभाग र भारतीय दूतावासको पत्र समेत साथमा राखेर जिल्ला प्रशासन कार्यालय सप्तरीलाई २०७६ साल असार ६ गते पत्राचार गरेको थियो । भारतीय दूतावासले पाँचै जनाको नेपाली र भारतीय दोहोरो नागरिकता भएको प्रमाण समेत दिएको छ ।

तर दूतावासबाट प्रमाणसहित कारबाहीका लागि पत्राचार हुँदा समेत नेपाली प्रशासनले रुंगटा परिवारमाथि प्रभावकारी अनुसन्धान गरेको छैन । गृहको निर्देशनपछि जिल्ला प्रशासनले एक पटक रुंगटालाई बोलाएर बयान लिएको थियो ।

प्रशासनले ३ वर्ष भन्दा बढी समय अनुसन्धानका नाममा बिताएर २०७९ साल असार १६ गते गृह मन्त्रालयमा चलानी नम्बर १५०३१ को पत्र पठाउँदै उनीहरुले भारतको नयाँ दिल्लीस्थित श्री ए रंग रसायन रोहिनी सेक्टरको मतदाता नामावलीमा खोजी गर्दा उनीहरुको नाम नरहेको भन्दै गृहलाई जवाफ फर्काएको थियो ।

जिल्ला प्रसासनले भारतीय दूतावासले दिएको प्रमाण समेतलाई ध्यान नदिई तथा भारतको उनीहरुको भनिएको ठेगानामा पत्राचार समेत नगरी उनीहरुको नाम नदेखिएको जवाफ फर्काएको थियो । जिल्ला प्रशासनको यो पत्राचारपछि न त गृह प्रशासनले यो विषयमा ध्यान दिएको छ न त जिल्ला प्रशासन सप्तरीले नै ।

यो दोहोरो नागरिकता प्रकरणमा अझै अनुसन्धान भइरहेको सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले बताए । जिल्ला प्रसासनले गृह मन्त्रालयलाई लेखेको पत्रको जवाफ नआएको र यो मुद्दाको अनुसन्धान जारी नै रहेकाले थप कागजात सहितका जानकारी अहिले दिन नमिल्ने उनले बताए ।

दोहोरो नागरिकता सम्बन्धी मुद्दामा अनुसन्धान जारी रहेकै अवस्थामा रुंगटा परिवारले अहिले राजविराजमा रहेको आफ्नो जग्गा जमिन बेच्ने कार्य सुरु गरेका छन् । एकातिर दोहारो नागरिकता सम्बन्धी मुद्दामा अनुसन्धानलाई मुल्तबीमा राख्ने र अर्कोतिर आफ्नो सम्पति बेच्न थालेपछि स्थानीयले आशंका गर्न थालेका छन् ।

दोहोरो नागरिकता समबन्धी मुद्दामा आरोपी रहेका पाँच जनामध्येका एक अंकितकुमार रुंगटाले आफूहरु दुई देशको नागरिक नरहेको दाबी गरे ।



# नेपाल भारत सांस्कृतिक महोत्सव सम्पन्न




**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज स्थित भारतीय महावाणिज्य दूतावासले नेपाल भारत सांस्कृतिक महोत्सव सम्पन्न गरेको छ। भारतीय महावाणिज्य दूतावासले आयोजना गरेको सांस्कृतिक महोत्सव कार्यक्रममा मधेश विश्वविद्यालय तथा वीरगञ्ज पब्लिक कलेजले सहकार्य गरेको थियो।

कार्यक्रमको उद्घाटन गर्दै भारतीय महावाणिज्यदूत देबीसहाय मिनाले नेपाल भारत वीचको सम्बन्धलाई मजबुत बनाउन महावाणिज्य दूतावास सधै सक्रिय रहेको बताए। उनले महावाणिज्य दूतावासले आगामी दिनमा पनि यस्ता सांस्कृतक कार्यक्रम लगायत विभिन्न रचनात्मक कार्यक्रम गरी राख्ने बताए। महावाणिज्यदूत मिनाले दुबै देशको सम्बन्ध अझ प्रगाढ बनाउन आफू सधै सक्रिय रहेको बताउदै विभिन्न सहयोगी संस्थाहरुको सहकार्ययमा यस्ता सांस्कृतक, छलफल/अन्तरक्रिय, लगायत विभिन्न रचात्मक कार्यक्रमहरु भइराख्ने आश्वासन समेत व्यक्त गरे।

सांस्कृतिक महोत्सव कार्यक्रममा मधेश विश्वविद्यालय तथा वीरगञ्ज पब्लिक कलेजका छात्र छात्राहरुले नेपाल भारतको स्थानीय तथा राष्ट्रिय लोकनृत्य झिझिया, थारु, भोजपुरी, नेवारी, नेपाली लगायत विभिन्न नृत्य तथा संगीत प्रस्तुत गरिएको थियो। कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल, प्रोफेशर हरिरत्न तुलाधर लगायतका व्यक्तिहरुले हिन्दी संगीत गायन गरेर कार्यक्रमलाई मनमोहक बनाएका थिए।

कार्यक्रममा उद्योग वाणिज्य संघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, पूर्व अध्यक्ष अशोक लाट, वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष डाक्टर सुबोध गुप्ता एवम महावाणिज्य दूतावासका राजनीतिक कन्सुलर शैलेन्द्र कुमार, मिडिया कन्सुलर सशिभुषण कुमार लागतका अधिकारी एवम कर्मचरीहरुको उपस्थिति रहेको थियो।

# ७ वर्षदेखि भारतमा अलपत्र महिलाको पारिवारिक पुनर्मिलन

**टुडे समाचारदाता**

वीरगञ्ज । सात वर्षदेखि भारतमा आश्रित दार्चुला मल्लिकार्जुन गाउँपालिकाकी एक महिला शुक्रबार स्वदेश फर्किएकी छन्। ३५ वर्षिया दुर्गा देवी (नाम परिवर्तन) को स्वदेश फिर्तीसँगै पारिवारिक पुनर्मिलन पनि भएको छ।

उनी ७ वर्षदेखि भारत बिहारको राजधानी पटनास्थित 'आसरा गृह' नामक एक महिला आश्रय गृहमा आश्रित थिइन्। वीरगञ्जस्थित माइती नेपाल आवधिक गृहको पहलमा दुर्गाको स्वदेश फिर्ती तथा पारिवारिक पुर्नमिलन भएको छ।

मानसिक सन्तुलन गुमाएर २०७३ भदौ १४ गते घरबाट हिडेकी दुर्गालाई भारतको राजधानी दिल्लीमा प्रहरीले बेवारिशे अवस्थामा फेला पारेर त्यहाँस्थित आश्रयस्थलमा राखेको थियो।

त्यसको करिब १ महिनापछि भारतीय प्रहरीले उनलाई पटनास्थित आसरा गृहमा संरक्षणका लागि पठाएको थियो। त्यहाँ स्वास्थ्य उपचार समेत सुरु गरिएपछि दुर्गाले आफ्नो नाम र ठेगाना आश्रयस्थलका अधिकारीहरुलाई बताएकी थिइन्।

त्यस आधारमा भारतीय पक्षले माइती नेपाललाई दुर्गाको बारेमा सूचना दिएपछि उनको स्वदेश फिर्तीको पहल सुरु गरिएको थियो। माइती नेपाल वीरगञ्ज आवधिक गृह प्रमुख वीरेन्द्र गौतम सहित दुर्गाका पारिवारिक सदस्यहरु समेतको टोली भारतको पटना पुगेर दुर्गालाई लिएर शुक्रबार बिहान वीरगञ्ज आइपुगेको छ।

गौतमले लामो प्रयासपछि यो सफलता मिलेको बताए। 'दुर्गाको स्वदेश फिर्तीका लागि हामी लामो समयदेखि प्रयासरत थियौं,' गौतमले भने, 'कानुनी प्रक्रिया तथा बिभिन्न प्राविधिक जटिलताहरुको कारण दुर्गाको स्वदेश फिर्तीको प्रक्रिया लम्बिरहेको थियो।' उनका परिवारका २ सदस्य तथा आफू समेत भई पटना पुगेर अन्ततः स्वदेश फिर्ता ल्याउन सफल भएको गौतमले जानकारी दिए।

दुर्गाले आफन्तजनलाई भेट्दा तथा स्वदेश फर्कन पाउँदा आफूलाई अत्यन्त खुशी लागेको बताइन्। उनले आफू कसरी र कुन हालतमा दिल्ली पुगे भनेर बताउन भने सकेकी छैनन्। अहिले पनि दुर्गाको मानसिक स्वास्थ्यको उपचार भइरहेको छ।

माइती नेपालका अनुसार उनी अहिले धेरै हदसम्म शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेकी छिन्। तर लामो समय भारत बस्दा उनले आफ्नो मातृभाषा नेपाली बोल्न भने भुलेकी छन्।

# मातृभाषामाथि चौतर्फी आक्रमण हुनु निन्दनीय : नेतृ साह



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालकी नेतृ रमिलादेवी साहले मातृभाषा मैथिलीमाथि भइरहेको चौतर्फी आक्रमणलाई राजनीतिक हस्तक्षेप भइरहेको बताएकी छन्।

जनकपुरधाममा शुक्रबार आयोजना गरिएको जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवमा 'भाषा एक नाम अनेक' विषयक कार्यक्रम सत्रमा बोल्दै मधेश प्रदेशकी प्रदेशसभा सदस्यसमेत रहेकी नेतृ साहले मातृभाषामाथि भइरहेको निरन्तर आक्रमण हुनु निन्दनीय रहेको बताइन्। उनले प्रदेशको कामकाजी भाषाको रुपमा मैथिलीलाई बनाउनुपर्ने मागसमेत गरिन्।

उनले हरेक स्थानीय तहमा मातृभाषा मैथिलीमा बोर्डहरु झुण्ड्याउनका लागि अभियान सञ्चालन गर्नपर्ने बताएकी छन्।

मातृभाषा मैथिली अभियानीहरुले आफ्नो भाषाको विकासका लागि चरणबद्धरुपमा योजना अनुसार हरेक स्थानीय तहले सार्वजनिक बोर्ड मैथिली भाषामा लेखाउनका लागि अभियान चलाउन आग्रह गरिन्।

उनले आफ्नो मातृभाषाका लागि झुण्डिनसमेत तयार रहेको बताउँदै नेतृ साहले मैथिली भाषालाई बलियो बनाउनका लागि स्थानीय तहमाथि जोडदार रुपमा लाग्नुपर्ने र शिक्षाको समेत व्यवस्था हुनुपर्ने बताइन्।

त्यस्तै मैथिली अभियानी शिवनारायण पण्डितले मैथिली भाषाको आफ्नो लिपी, आफ्नो इतिहास रहेकाले यसको विकाससंगसँगै रोजगारीको समेत व्यवस्था भएमा प्रभावकारी हुने बताए।नेपाली कांग्रेस मधेश प्रदेशका प्रदेशसभा सदस्य रामसरोज यादवले मिथिला र मैथिलीको अभियानमा लामबद्ध रहेको बताउँदै उनले मैथिली भाषाको विकासका लागि प्रतिबद्ध रहेको बताए।

यस कार्यक्रममा सहभागी भएका पुस्य मित्रले मैथिली भाषाको इतिहास कोट्याउँदै मातृभाषा मैथिलीको भारतमा पनि बाहुल्यता रहेको बताए।

त्यस्तै यस कार्यक्रममा नेपाल समाजवादी पार्टीका नेता रामरिझन यादवले समेत बोलेका थिए।

# बागमती प्रदेश सरकारले बनायो ७८ कानुन

टुडे समाचारदाता

मनहरी। बागमती प्रदेश सरकारले प्रदेशसभामार्फत हालसम्म ७८ वटा कानुन निर्माण गरेको छ। प्रदेश सरकार सञ्चालन तथा सेवा प्रवाहका लागि आवश्यकपर्ने ९९ कानुनमध्ये ७८ वटा कानुन बनेका हुन्।

प्रदेशसभा सचिवालयमा दर्ता भएका ८७ विधेयकमध्ये ७८ वटा पारित भएको प्रदेशसभा सचिवालय हेटौँडाले जनाएको छ।

पारित भएका ७८ विधेयकमध्ये ७७ वटा प्रदेश प्रमुखबाट प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएका छन् भने एउटा विधेयक प्रदेशसभा सचिवालयमा फिर्ता भएको सचिवालयले जनाएको छ।

प्रदेशसभामा मूल ऐन ४७ वटा रहेका छन् भने ३१ वटा भने विभिन्न संशोधित ऐन र सालबसाली ऐनहरू रहेका सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिए। उहाँकाअनुसार सो अवधिमा २० ऐन संशोधनसहित पारित भएका छन् भने १३ वटा सालबसाली विधेयक पारित भएका छन्। प्रदेशसभामा हालसम्म १३ अध्यादेश जारी भएका छन्। त्यस्तै १० वटा मात्र प्रतिस्थापन विधेयक दर्ता भएका प्रवक्ता गुप्ताले बताए। उनकाअनुसार सो अवधिमा चार वटा अध्यादेशका प्रतिस्थापन विधेयक फिर्ता भएका छन् भने तीन अध्यादेशका प्रतिस्थापन विधेयक ल्याउन नसक्दा निष्क्रिय भएका छन्।

सो अवधिमा दुई वटा कार्यविधि, एक नियमावली र एक नियमावली संशोधन पारित भएका प्रवक्ता गुप्ताले जानकारी दिए।

# हरिण मारेको अभियोगमा हतियार सहित एक जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा हतियार र जंगली जनावरको मासुसहित एक जना पक्राउ परेका छन्।

अनुमति प्राप्त हतियार र गोली, ३५ किलो मासुसहित पक्राउ परेका राजविराज-५ का शैलेशकुमार झालाई प्रहरीले शुक्रबार बिहान सार्वजनिक गरेको छ। सप्तरी प्रहरीका अनुसार झालाई शुक्रबार बिहानको समयमा हनुमाननगर कंकालिनी नगरपालिका-७ बैष्णौदेवी मन्दिर नजिक कोशी नदीको बाधबाट ढाडमा हतियार भिरेको अवस्थामा दुईवटा बोरामा मासुसहित नियन्त्रणमा लिइएको छ। उनको साथबाट २२ बोरको मेगनम राइफल एकवटा, ४१ राउण्ड गोली, २ थान म्यागजिन, एउटा गन स्टेन, क्यामेरा एकवटा, लाइट र पावर बैंक लगायतका सामानहरु समेत बरामद भएको छ।

स्रोतका अनुसार हतियारसहित सिकारी गर्नेमा झामात्रै थिएनन्। सप्तरीको



हनुमाननगर कंकालिनी नगरपालिका-१३ गोबरगाढा पलारमा सिकारीको एक समूहले दुईवटा मृग मारेको स्रोतको दाबी छ। स्रोतका अनुसार मारिएको दुई वटा मृगमध्ये एउटा गोबरगाढा पलारमै स्थानीयहरुले राखेको र अर्को मृगको मासु लिएर झासहितको समूह ट्र्याक्टरमा आउँदै गरेको अवस्थाबाट पाँच जनासहित पक्राउ परेका थिए। तर प्रहरीले झा बाहेकका चार जना र ट्र्याक्टरलाई छाडिदिएको स्थानीयले बताए।

झालाई थप अनुसन्धान र कारबाहीका लागि डिभिजन वन कार्याल्य सप्तरीमा बुझाइएको छ। जिल्ला प्रहरी कार्यालयका एसपी गजुसिद्धी बज्राचार्यले प्रहरी टोलीले झालाई मात्र पक्राउ गरेको र थप अनुसन्धान हुने दाबी गरे।

पछिल्लो केही समयदेखि कोशी ब्यारेजदेखि दक्षिण गोबरगाढा पलारमा जंगली बँदेल र मृगको लगातार चोरी सिकारी भइरहेको छ। डिभिजन वन प्रमुख हेमन्त साहले घटनाबारे अनुसन्धान भइरहेको बताए।

# सिटिजन्स बैंक रविनायक अस्पताल तथा प्रसुति गृह वीचसमझदारी

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड रटोखा, काठमाडौंस्थितविनायक अस्पताल तथा प्रसुति गृह प्रा.लि बीचसटिजन्स बैंककाग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।




सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइलबैंकिङ्गग्राहकहरूले विनायक अस्पताल तथा प्रसुति गृहका सेवाहरुमा१० % सम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंककाग्राहकहरु लाभान्वितहुनुकासाथै नगदकारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुनेविश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ्गमाध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानीगर्न प्रोत्साहनगर्न समय समयमाग्राहकमैत्रीसुविधाहरु सञ्चालनमाल्याउँदै आएको छ।

डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धीविस्तृतविवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्तगर्न सकिनेछासिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएकाआफ्ना १९० वटा शाखा, १५२ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७लाख१२ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

# हल्का वर्षाको सम्भावना

टुडे समाचारदाता

काठमाण्डु । हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ। उक्त मौसमी प्रणाली कमजोर रहेकाले अबको दुई दिन मौसम सामान्यतया सफा रहने छ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका मौमसविद गोविन्दकुमार झाका अनुसार शुक्रबार र शनिबार मौसममा सुधार रहे पनि आगामी आइतबारदेखि देशको पश्चिम भेगबाट पश्चिमी वायुको सक्रियता बढ्ने भएकाले केही दिन मौसममा गडबडी हुनेछ।

बिहीबार पश्चिमी वायुसँगै आएको पश्चिमी न्यून चापीय प्रणालीका कारण देशका अधिकांश स्थानमा बदली हुनाका साथै उच्च पहाडी तथा हिमाली भू-भागमा हल्का हिमपात भएको छ। यस्तै सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका केही भू-भागमा तथा बागमती र कोशी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा फाटफुटदेखि हल्का वर्षा भएको थियो।

महाशाखाको पछिल्लो विवरणमा काठमाडौँमा शून्य दशमलव पाँच मिलिमिटर वर्षा मापन गरिएको छ। त्यसैगरी, डढेलधुरामा १४ दशमलव आठ, दिपायलमा १२ तथा जुम्लामा दुई दशमलव ६ मिलिमिटर वर्षा भएको छ।

काठमाडौँको शुक्रबारको न्यूनतम तापक्रम चार दशमलव आठ डिग्री सेल्सियस रहेको छ भने अधिकतम तापक्रम १७ दशमलव आठ डिग्री सेल्सियस रहेको छ।

महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले देशको पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागको मौसम सफा रहेको छ। तराईका थोरै स्थानमा हुस्सु लागेको छ।

दिउँसो कोशी प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा मौसम सफा रहनेछ। कोशी र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा फाटफुटदेखि हल्का वर्षाको सम्भावना छ। कोशी प्रदेशको उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थान तथा बाँकी उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा हल्का हिमपातको सम्भावना छ।


## सर्टिफिकेट हरायो

मिती २०८०।९।१७ गते घरबाट थापा चौकसम्म जादै गर्दा मेरो माइग्रेशन, ट्रान्सक्रिप्ट, सर्टिफिकेटहरु हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।


**नाम : राम ईश्वर प्रसाद साह**
**ठेगाना : ज.उ.म.न.पा.-१३, धनुषा**
**सिम्बोल नं.: १०१७९**
**रजिष्ट्रेशन नं.: HA-२१०४-००६**
**मो.नं. : ९८२७६६६६७३**


## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : बौद्धिक क्षमता। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : धन वृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२०११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



विद्याकी देवी सरस्वतीको पूजा नजिकिएसँगै सप्तरीको राजविराजमा बिक्री गर्न निर्माण गरिएका सरस्वतीको मूर्ति । *तस्विर : रासस*

# रास्वपाले दबाब कार्यक्रम गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मेलम्ची खानेपानी आयोजनाबाट राजधानीमा नियमित पानी आपूर्तिको माग गर्दै दबाबमूलक कार्यक्रम गर्ने भएको छ । रास्वपा संसदीय दलको शुक्रबारको बैठकले यही माघ २१ गते मेलम्ची बजारदेखि दबाबमूलक कार्यक्रम सुरु गर्ने निर्णय गरेको हो ।



सो पार्टीका सचेतक निशा डाँगीले दबाबमुलक कार्यक्रम अनुसार मेलम्ची बजारबाट आयोजनास्थल पुगी घैलामा पानी बोकेर ल्याउने निर्णय भएको बताए । "दबाब कार्यक्रम अनुसार मेलम्ची बजारमा २१ जना सांसद सबै भेला भएर खाली घैलो लिएर आयोजनास्थल जाने र पानी भरेर फर्किने कार्यक्रम तय भएको छ", सचेतक डाँगीले भने ।रास्वपाले हालै पूर्वाधारका अलपत्र रहेका आयोजनाको दबाब यात्रा गर्ने निर्णय गरेको छ । जसअनुसार पार्टीले यही माघ २१ गतेदेखि चैत २१ गतेसम्म दुई महिने दबाबमुलक कार्यक्रम गर्दैछ ।सो पार्टीका सांसद बिनिता कठायतले सदन र संसदीय समितिको बैठक प्रभावित नहुने गरी पार्टीले सो कार्यक्रम गर्ने बताए ।

सिंहदरबारस्थित पार्टीको संसदीय दलको कार्यालयमा बसेको बैठकमा गैरसरकारी विधेयकको तयारीबारे समेत छलफल भएको थियो। सचेतक डाँगीका अनुसार पूर्वनिधारित मुद्दाअनुसार आगामी अधिवेशनमा पार्टीले उठाउने मुद्दा, अधिवेशनको तयारी र पार्टीका सासदलाई विधेयकसम्बन्धी गरेको तयारीका विषयमा पनि शुक्रबारको बैठकमा छलफल भएको थियो । "गैरसरकारी विधेयक दर्ता गर्नुमात्र ठूलो कुरा होइन, त्यसलाई पास हुने गरी काम गर्ने विषयमा छलफल भयो।

मुख्यत पाँच गैरसरकारी विधेयकको तयारी गरिरहेका छौं, त्यसबारे छिट्टै सार्वजनिक गर्नेछौ ।"

# जनक शिक्षामा दैनिक एक लाख थान पुस्तक छापिन्छ

**टुडे समाचारदाता**

काठमाण्डु। आगामी शैक्षिकसत्रका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले एक करोड १९ लाख थान पाठ्यपुस्तक छपाइ सम्पन्न गरेको छ।



आउँदो शैक्षिक सत्रका लागि कक्षा ५ देखि १२ सम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको केन्द्रले एक करोड ७४ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा अब ५५ लाख थान पाठ्यपुस्तक मात्रै छपाइ गर्न बाँकी रहेको केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिए।

चालु शैक्षिक सत्रका लागि गत वर्ष चैतमै कक्षा ६ देखि १२ सम्मको पुस्तक छपाइ गरेर शैक्षिक सत्र सुरु हुने बित्तिकै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन सफल भएपछि यस वर्ष सरकारले केन्द्रलाई कक्षा ५ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएको थियो। केन्द्रका प्रबन्ध निर्देशक झाले भने, "आउँदो शैक्षिक सत्रका लागि एक करोड ७४ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा एक करोड १९ लाख थान पाठपुस्तक छपाइ सम्पन्न गरिसकेका छौं", "अब बाँकी ५५ लाख थान पाठ्यपुस्तक पनि फागुन महिनाभित्रमा छपाइ सम्पन्न गर्नेछौं।" उनले पुस्तक छपाइका लागि आवश्यक कागज, मसीलगायत कच्चा पदार्थ पर्याप्त मात्रामा खरिद गरेर राखिसकेको बताउँदै पुस्तक छपाइको काम दुई सिफ्टमा सातै दिन, २४ सै घण्टा चलिरहेको जानकारी दिए।

प्रबन्ध निर्देशक झाले भने, "हामीले अहिले २४ सै घण्टा दैनिक एक लाख थान पुस्तक छपाइ गरिरहेका छौं, २४ सै घण्टा पुस्तक पछाइको काम भइरहेको छ । छपाइ सकिएका पुस्तक सातवटै प्रदेशका केन्द्रका प्रादेशिक कार्यालयको गोदाममा पुऱ्याउने काम भइरहेको छ । गत वर्ष जस्तै यस वर्ष पनि हामी चैतदेखि पुस्तक वितरणको काम सुरु गर्छौं र समयमै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउँछौं ।"

उनले चैतदेखि पुस्तक वितरण सुरु गरी शैक्षिक सत्र सुरु हुँदा विद्यालय विद्यालयमा पुस्तक पुऱ्याएर विद्यार्थीको हातहातमा पुस्तक पुग्ने गरी तयारी गरेको बताउँदै कुनै हालतमा पनि पुस्तक अभाव नहुने र वितरणमा पनि ढिलाइ नहुने बताए। शिक्षा मन्त्रालयले यस वर्षको पुस्तक छपाइका लागि कक्षा १ देखि ४ सम्म निजी क्षेत्रका छापाखानालाई छपाइ तथा वितरणको जिम्मेवारी दिएको छ।

केन्द्रका प्रबन्ध निर्देशक झाले भने कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिन सरकारसँग माग गरेको भए पनि कक्षा ५ देखिको जिम्मेवारी पाएको भन्दै अबदेखि सरकारले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिए केन्द्रले फागुनभित्रै पुस्तक पछाइ सम्पन्न गरेर चैतमा वितरण सम्पन्न गर्नसक्ने बताए।

सरकारले गत वर्ष निजी क्षेत्रका छापाखानालाई कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइको जिम्मा दिए पनि यस वर्ष त्यसलाई खुम्च्याउँदै कक्षा ५ को पुस्तक छपाइको जिम्मेवारी निजीलाई नदिई केन्द्रलाई थप गरेको हो । पाठ्यक्रम विकास केन्द्रले कात्तिकमै शिक्षा मन्त्रालयमा पत्राचार गर्दै पुस्तक छपाइबारे छिटो निर्णय गर्न पत्राचार गरेको थियो। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको गत मङ्सिर १२ मा केन्द्रमै बसेको बैठकमा प्रबन्धक निर्देशक झाले सरकारले यसबारेमा चाँडै निर्णय गरी १ देखि १२ सम्मको आवश्यक पर्ने पुस्तक छपाइको जिम्मेवारी केन्द्रलाई दिन माग गरेका थिए।

केन्द्रले जिम्मेवारी पाउने आशामा कक्षा ३ का केही किताब छपाइसमेत गरिसकेका थियो । केही वर्ष अगाडिसम्म जनक शिक्षाले पुस्तक छपाइ र वितरणमा ढिलाइ गरेर पाठ्यपुस्तकको अभाव भएको भन्दै विवादमा आइरहे पनि विगत तीन वर्षयता भने केन्द्रले पुस्तक छपाइ र वितरण समयमै सम्पन्न गरेको भन्दै प्रशंसा बटुलेको छ।

# आफ्ना लागि नभए पनि मायालुको लागि धूम्रपान त्याग्न आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओममूर्ति अनिलले 'मेरो एउटा सानो त्याग, मायालुको लागि ठूलो उपहार' भन्ने नाराका साथ धूमपान सेवनलाई निरुत्साहित गर्न चेतनामूलक अभियानको थालनी गरेका छन् । विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा गरिने बसन्त पञ्चमी र प्रणय दिवस यस वर्ष फागुन २ गते परेको सन्दर्भ पारेर उक्त दिन ज्ञान र प्रेमलाई मिश्रण गर्दै धूमपान सेवनमुक्त समाज निर्माणका लागि अवसरका रूपमा उपयोग गरिएको डा. अनिलले बताए।

कुनै विशेष अवसरमा मानिसले केही चिज त्याग गऱ्यो भने त्यो सफल हुने सम्भावना बढ़ी हुन्छ । साथै अविस्मरणीय र महत्वपूणर् पनि हुने भएकाले त्यस दिनदेखि धूमपान र सुर्ती सेवनको लतलाई त्याग गर्न आफ्ना शुभेच्छुकहरूलाई उनले आह्वान गरेका छन्।

'प्रणय दिवस'का अवसरमा तपाई फूल दिनुस्, कुनै भौतिक उपहार दिनुस्। त्यसको साथसाथै आफू र आफ्नो परिवारजनको दीर्घजीवनका लागि लत त्याग्नु सबैभन्दा मूल्यवान उपहार हो' डा. अनिलले भने-"यदि तपाईं आफूलाई भन्दा बढी माया उनीहरूलाई गर्नु हुन्छ भने दीर्घ जीवनको उपहारजस्तो बहुमूल्य उपहार अर्को के होला र ?" अझ त्यस विद्याकी देवीलाई पूजा गरिने दिन पनि परेको छ । कुलत त्याग्नेजस्तो नैतिक शिक्षा अर्को कुनै हुन्छ ? डा. अनिलको प्रश्न छ।

कुलत त्याग्नु जीवनको अमूल्य उपहार हो । चुरोट र सुर्ती सेवन छोड्दा आफ्नो आयु मात्रै लम्बिदैन परिवारको आयु पनि बढ्ने हुँदा 'स्मोकर्स आर नट सेल्फिस्' भन्ने नारालाई जोड दिइएको उनको भनाइ छ। कुलत छुटाउन प्रोत्सहान गर्ने उद्देश्यका निम्ति यस अभियानमा 'धूमपान गर्ने स्वार्थी हुँदैनन्' भन्ने टेम्प्लेटलाई सकारात्मक र सुखद् परिणामको अपेक्षासहित राखिएको डा. अनिलले स्पष्ट पारे।




डा. अनिलकाअनुसार मानिसको मृत्युका कारणमध्ये धूमपान प्रमुख रहेको अध्ययनहरूबाट प्रमाणित भएको छ । तमाखु सेवन गर्ने हरेक दुई जनामध्ये एक जनाको मृत्यु हुने गरेको छ । प्रत्येक एक खिल्ली चुरोटले सेवनकर्ताको ११ देखि १३ मिनेटसम्म आयु घटाउने भन्दै त्यस्ता मानिसको जीवनमा १० महिनाको वर्ष हुन्छ। अर्थात् सेवनकर्ताको हरेक वर्ष औसत दुई महिना आयु घट्दै जाने उनको भनाइ छ।

धूमपान गर्नेलाई दुईदेखि चार गुणा हृदयाघात हुने खतरा छ भने फोक्सोको क्यान्सर हुने जोखिम २५ गुणासम्म रहेको उनले बताए। त्यस्तै एक वयस्क मानिसले अत्यधिक चुरोट सेवन गरेमा १५ वर्षदेखि २५ वर्षसम्म छिटो मृत्युको जोखिम रहेको अध्ययनले देखाएको भनाइ छ।

कुनै व्यक्तिले धूमपान गर्दा उसलाई मात्रै होइन, वरिपरिका मानिसलाई पनि गम्भीर असर गर्दछ। यसबाट विशेषगरी गर्भमा रहेका शिशु, बालबालिका र सास फेर्न समस्या भएका व्यक्तिहरूलाई सबैभन्दा बढी जोखिममा हुन्छ । यसले सेवनकर्ता, वरिपरिका मानिस र सेवनकर्ताले प्रयोग गरेका सामग्रीबाट पनि अरुको स्वास्थ्यमा असर गर्छ।

एक अध्ययनअनुसार धूमपानबाट ८० लाख जनाको मृत्यु हुँदा १३ लाखले अन्य धूमपानकर्ताले मृत्युवरण गर्नुपर्ने अवस्था रहेको डा अनिलले जानकारी दिए धूमपानको भयावह स्थिति नेपालजस्ता गरीब मुलुकमा उच्च रहेको उल्लेख गर्दै विश्वका १ दशमलव ३ अर्ब जना धूमपान गर्ने मानिसमध्ये ८० प्रतिशत गरीब देशका नागरिक रहेको अध्ययनमा देखिएको उनको भनाइ छ।

धूमपान नगर्दा आफू अकाल मृत्युबाट जोगिनुको साथै अभिभावत्वको जिम्मेवारी पूरा गर्न सकिने र परिवारको आर्थिक, सामाजिक सुरक्षा गर्न सकिन्छ । "जीवन मेरो मात्रै होइन, ममाथि धेरै जना आश्रित छन्" भन्ने बुझ्न जरुरी रहेको उनी बताउछन् । धूमपानको लत छुटाउने अभियान शुरू गर्नु भएका डा. अनिलले त्यस्ता व्यक्तिलाई प्रोत्सहान गर्न उनले आफ्नो फेसबुक पेजमा गुगल फर्मसमेत राखेका छन् । जहाँ आफूले धूमपान परित्याग गरेको प्रतिबद्धता व्यक्त गर्न सकिन्छ।

सामाजिक सञ्जालबाट चेतनामूलक अभियान चलाउने क्रममा विश्व कीर्तिमान कायम गरेका डा अनिलको बिहीबार फेसबुक लाइभमा छ हजार ६७२ जना प्रत्यक्ष जोडिएका थिए भने तत्काल करिब ५० जनाले सुर्तीजन्य पदार्थको सेवन छाड्ने प्रतिबद्धता जनाएका थिए।

# ठगी र बैंकिङ कसुरका अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । क्रोएसिया पठाइदिन्छु भन्दै नगद रु तीन लाख ठगी गरेको अभियोगमा काठमाडौं जिल्ला बूढानीलकण्ठ नगरपालिका-१२ कपन बस्ने सिन्धुपाल्चोक पाँचपोखरी थाङ्पाल गाउँपालिका-२ घर भएका ४० वर्षीय मिङमार लामालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

मिङमारले एक जनालाई वैदेशिक रोजगारीका लागि क्रोएसिया पठाई प्रतिष्ठित कम्पनीमा मासिक रु एक लाख तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटकपटक गरी उक्त रकम ठगी गरेकाले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-६ बौद्धबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।



**रोमानिया पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ**

रोमानिया पठाइदिन्छु भन्दै नगद रु एक लाख ५० हजार ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ सामाखुशी बस्ने सल्यान बंगाद कुपिन्डे नगरपालिका-७ घर भएका ४२ वर्षीय जगत ओली क्षेत्रीलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

जगतले एक जनालाई वैदेशिक रोजगारीका लागि रोमानिया पठाई होटलमा मासिक रु ७० हजार तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटकपटक गरी उक्त रकम ठगी गरेकोले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं समाखुशीबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

**जापान पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ**

जापान पठाइदिन्छु भन्दै रु दुई लाख ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ सामाखुशी बस्ने गोरखा पालुङटार नगरपालिका-१ घर भएका ३० वर्षीय भरत भट्टराईलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भरतले एक जनालाई वैदेशिक रोजगारीका लागि जापान पठाई होटलमा मासिक रु एक लाख ७० हजार तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटकपटक गरी उक्त रकम ठगी गरेकाले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं समाखुशीबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

**बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ**

बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी गोकर्णेश्वर नगरपालिका-५ नयाँबस्ती डेरा गरी बस्ने पाल्पा पूर्वखोला गाउँपालिका-२ घर भएका ४० वर्षीय रेवतबहादुर रानालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ।

उच्च अदातल पाटनको २०७७ मङ्सिर २१ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा २४ दिन कैद सजाय, रु ७५ लाख जरिवाना र रु ७५ लाख बिगो भराई क्षतिपूर्तिवापत पीडित राहत कोषमा रु तीन लाख जम्मा गराउने ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले काठमाडौं गोकर्णेश्वरबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौं पठाइएको छ।

**अवैध लागुऔषधसहित विभिन्न स्थानबाट ११ जना पक्राउ**

काठमाडौं महानगरपालिका-२६ स्थित होटल सनराइज् इनबाट अवैध लागुऔषध खैरो हेरोइन ३३ ग्राम, डिजिटल तराजु एक थान, नगद रु ८५ हजार र मोबाइल एक थानसहित भोजपुर आमचोक गाउँपालिका-९ दुम्माना ठेगाना भएका २३ वर्षीय भीमराज श्रेष्ठलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनलाई उक्त लागुऔषधसहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी काठमाडौं महानगरपालिका-२६ सामाखुशी बस्ने ४४ वर्षीय निरबहादुर गुरुङलाई अवैध लागुऔषध खैरो हेरोइन छ ग्राम चार सय ५० मिलिग्राम र नगद रु १८ हजारसहित मङ्गलबार प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो।

यसैगरी काठमाडौं महानगरपालिका-१५ चमतीबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब दुई ग्राम ६९० मिलिग्राम, नियन्त्रित लागुऔषध नाइट्राभेट ८६१ ट्याब्लेट र नगद रु आठ हजारसहित सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी-८ घर भई काठमाडौं महानगरपालिका-१६ वनस्थली बस्ने २९ वर्षीय सरोज खड्कासमेत दुई जनालाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौं समेतबाट खटिएको प्रहरीले उनीहरूलाई लागुऔषधसहित पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

# एक हजार दुई सय मिर्गौला प्रत्यारोपण सफल

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरले ११ वर्ष अवधिमा एक हजार दुई सय वटा सफल मिर्गौला प्रत्यारोपण गरी इतिहास रच्न सफल भएको छ।

> केन्द्रले २०८० मा मात्र १० जनाको कलेजो प्रत्यारोण सम्पन्न गरेको छ । आगामी साता थप दुई जनाको कलेजो प्रत्यारोपण गर्ने तयारी पूरा गरेका छौ ।

बिहीबार ३९ वर्षीय श्रीमान्लाई उनकै ३४ वर्षीया श्रीमतीको दिएको मिर्गौलादानसँगै प्रत्यारोपणमा एक हजार दुई सय वटा पुऱ्याउन सफल भएको केन्द्रका कार्यकारी निर्देशक तथा कलेजो तथा मिर्गौला प्रत्यारोपणविद् डा पुकारचन्द्र श्रेष्ठले जानकारी दिए। उनले भने, "नेपालको अङ्ग प्रत्यारोपणमा ८० प्रतिशत हिस्सा ओगट्दै आएको केन्द्रले आफ्नो स्थापनाको ११ वर्षमा एक हजार दुई सय वटा मिर्गौला र १८ जनाको कलेजो प्रत्यारोपण गरेको छ । प्रत्यारोपणमा केन्द्रले ९९ प्रतिशत सफलता हासिल गर्दै आएको छ। केन्द्रले २०८० मा मात्र १० जनाको कलेजो प्रत्यारोण सम्पन्न गरेको छ। आगामी साता थप दुई जनाको कलेजो प्रत्यारोपण गर्ने तयारी पूरा गरेका छौं।"

नेपालमै पहिलोपटक कलेजो प्रत्यारोपण, मस्तिष्क मृत्यु भएको व्यक्तिबाट मिर्गौला तथा कलेजो प्रत्यारोपण गरेको केन्द्रले देशको सातवटै प्रदेशमा प्रत्यारोपण तथा डायलाइसिस सेवा विस्तार गर्ने नेपाल सरकारको योजनामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उनले बताए।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## "घरको दियो बलेन आमा"

घरको दियो बलेन आमा बल्यो मनको दियो
कसरी भनौं आमा बिदेशको तिहार यसरी गयौं
दिदी बहिनीको माया पोखिएन यो निधारमा
सयपत्री मखमली फुलेन आमा मेरो तिहारमा
एक्लै गाए दयौसी भैलो आफैंलाई सुनाए
आफ्नो कर्ममाथि आमा निकै बेर रिसाए
सपनामा देखे आमा हाम्रो घर पर वर बलेको दियो
तिम्रो प्रेमको प्रकाश चारैतिर आहा फैलिएको थियो
बिपनामा थाहा पाए आमा म त रहेछु सात समुन्द्र पारी
छाडि आए छु स्वदेशमा तिम्रो स्नेहको त्यो ठुलो भकारी
मेरो सम्झनाको बज्र आमा तिम्रो छातिमा जब जब पर्ला
रोकिन् रोकेर बेदनाको धारा त्यो तिम्रो अँखाबाट झर्ला.....



**नाम: रबिन्द्र कुमार मण्डल**
**ठेगाना:हाँसपुर ना.पा. ९, मोरहा**
**हाल: साउदी अरेबिया**

## ।। भाई ।।

जब एक भाई के दुःख तकलीफ
होई छै त दोसर भाई साथ दै छै
जब छोट रहै छै भाई तब कोई
भाई प हाथ उठबै छै त दोसर
भाई आइब लरै छै भाई प्रति
भाई के बहुत ममता स्नेह रहै छै
जब भाई सादी विवाह कलै
छै तब भाई भाई मे मेल मिलाप
नै रहै छै एक भाई दोसर भाईके
खिलाफ मे रहै छै ई सब अखन
अपना गाव समाजमे वेशी भरल छै
भाई भाई मे लडब बला भौजाई
होई छै भाबो होई छै और अरोशी
परोशी मजा लुटै छै एक माय
बाबूके कोइख सँ जनमल भाई
संपत्ति लेल भाई के जान सेहो लै छै
जे भाई भाई प्रति कु विचार रखै छै
उ भाई कभु नै सुखी रह सकै छै
जे भाई , भाई के संपत्ति नुका छुपा
रखै छै ओ भाई कभु नै उन्नति प्रगति
करै छै और सुख चैन सँ रहै छै
कारण
ईहे कि भाई प्रति भाई जरै छै
दुश्मनी करै छै
तब रंग बिरंग रोग ब्याद लगै छै और
धन संपत्ति भोगहु नै सकै छै
अकाल मे मरै छै जे भाई भाई प्रति जरै छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।। हामी विद्यार्थी ।।

कोपिला हामी बालक ।
फुल्नु छ फुल झैं ।।
देश हाम्रो भविष्य ।
शिखरमा पुग्ने छ उदेश्य ।।
कलम बोक्नु लेख्नलाई ।
किताब बोक्छु पढ्नलाई ।।
खोज्ने छु साथी खेल्नलाई ।
चाल्ने छु पाइला बढ्नलाई ।।
यो बालक हाम्रो साथी ।
हामी हौ नेपाली ।।
असल काम गरि ।
ल्याउने हौं सुनको घरी ।।
गरिबी हाम्रो वर्तमानमा ।
कर्म को मिहिनेतले बनाउने हो नयाँ पहिचान ।।
देश हाम्रो भविष्य ।
शिखरमा पुग्ने छ उदेश्य ।।



**लेखक:- अनित कुमार मण्डल**
**जनकपुर ( लोहना -१५)**

## ।। मौसम ।।

गरिब को झुपडिमा बाँस
धनि लाइ महलको साथ
यहि छ जिवनको खास
जाडोको यो मौसम
कसैलाइ हिटरको माझ
कसैलाइ बोरसि को आगो
सबैलाइ गर्मि को इन्तजार
यहि हो मौसमको सरोकार
जाडो आए गर्मि को आश
गर्मिआए जाडोको आश
नेता फेरिदैछ देश पिल्शिदै छ
घरवार कयौंको लथालिंग हुदैछ
बिदेशि एमसिसि लागु भइसकेको छ
बाँच्नुपर्ने छ जनतालाइ बिदेशि कानुन समछ्य
नेता र जनताविच समझदारि जरुरि छ
आफु वाँच्नलाइ महिनत गर्नु नै पर्छ
कयौ बिदेशिए त्यसैले देश सम्हलिए
नत्र आफु आफैमा काटमार हुनु वेर थिएन
गरिवलाइ झुपडिको आश
धनि लाइ महल को साथ



**प्रमोद राम**
**जनकपुर ९**

## ।। जुठो मुस्कान ।।

स्वार्थी यो संसारमा नाँच्न
न आउने पनि नाचि रा छा
जति दुःख भए पनि
हाँसी हाँसी बाचि रा छा।
दुःख होस या सुख
जीमेवारी खपनु पर्छ।
जुठो मुस्कान लिएर भए पनि
दुनिया सामु बस्नु पर्छ ।।
दुःखको भर खपन
सजिलो हैन सारो छ ।
को गलत को सहि
छुटियाउनु धेरै नै गाह्रो छा।
यो स्वार्थि संसार मा गलत
गर्ने को जिन्दगी उज्यालो
र राम्रो काम गर्ने को
जिन्दगी अंध्यारो छ ।।
कसैलाई चिन्ता त
कसैको मुहार मा हाँसो छ ।
कोहि अभागी त
कोही भाग्यमानी छ ।।



**लेखक रोहन भुजेल**
**जनकपुरधाम - ४**

## 'मेरो आमा'

संसारको सबभन्दा प्यारी मेरो आमा हुन , महान
सीता जस्तो त्याग जस्को ,
हुन कौशल्या जस्तो माया ,
उनी नै हुन मेरो प्यारी आमा
हरेक सम्बन्ध बनावटी देखे
देखे धोखा - दाडी
देखिएन कहिले मेरो आमाको मायामा बैमानी
मेरो आमा हुन महान नारी !!
मलाई सिकाउने प्रेम , जिम्मेवारी र इमानदारी मेरो आमा नै हुन
मेरो महान गुरु
सुतिको साडिमा हुन मेरो काली, दुर्गा, र भवानी
आफ्नो आँसु लुकाइ मलाई खुसीको संसार दिए ।
छुटै पहुचान दिए ।
अरु संग लडने होईन आफैमा जितने संस्कार दिए ।
मेरो आमा हुन महान नारी !!



**लेखक : करन कुमार मण्डल (धानुक)**
**ठेगाना : हंन्सपुर न.पा ९ मोरहा, धनुषा नेपाल**

## ।। मलाई थाहा छैन ।।

कसलाई भनिन्छ लगानी,
मलाई थाहा छैन ।
कसलाई भनिन्छ आम्दानी,
मलाई थाहा छैन ।।
आमाबुवाको अनमोलरत्न
प्रेमधन पाएको छु ।
कसलाई भनिन्छ अभाग्यमानी,
मलाई थाहा छैन ।।
तन मन धन लगाइ,
स्वपन चित्र कोरी रहन्छु।
कसलाई भनिन्छ हैरानीपरेसानी,
मलाई थाहा छैन ।।
स्वच्छ अश्रु कर्मकलममा भरी,
आत्मवृतान्त लेखि रहन्छु ।
कसलाई भनिन्छ रङ्गी मसीदानी
मलाई थाहा छैन ।।
रहर बुझ्दै, अश्रु पुछ्दै,
म जवान भएँ ।
कसलाई भनिन्छ बालजिन्दगानी,
मलाई थाहा छैन ।।



**लेखक:- राम 'रुद्राक्ष' मण्डल**
**ठेगाना:- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## वाह ! बालेन दाई....

चित बुझयो कर्मले देखायो
दिएको स्टाट्सले हलचल मचायो
खोइ त नेता खोइ त अभिव्यक्ति
वाह! बालेन दाइ तपाई सिंहदरवार हलायो....२
कापन्न थालियो कम्पन जस्तै
न त हावा न त भुइचालोले
कालो चस्मा काडा अभिव्यक्ति
हिडेको गतिले नेता डरायो
वाह! बालेन दाइ हजुरले सिंहदरवार हलायो....२
न त हावा चल्यो न त हुरी
सिङ्ग जस्तै बसेको सिंह्घाशन्मा
कापन थाल्यो बालेन दाइको स्टाटस्ले
बिबसको शब्दले नेताको नैतिकता
वाह! बालेन दाइ हजुरले सिंहदरवार हलायो....२



**शब्द:- बिरेन्द्र कुमार मण्डल उर्फ बिबस (शिक्षक)**
**ठेगाना:- हंसपुर ०८ भतही**

# फागुनमा फिल्म रिलिजको चाप, २५ करोडको दबाब




काठमाण्डु । नेपाली फिल्मको नियति के छ भने नआउँदा एउटै नआउने, आएपछि आ-आफैं जुध्ने गर्छन् । गत कात्तिकयता एक-एक महिनामा फिल्म रिलिज भए र आ-आफैं जुधेर सकिए । कात्तिकपछि मंसिर २९ गते 'जम्प र 'दुई कदम', पुष २७ गते 'चित्रा' र 'पर्खि बसें तिमीलाई' प्रदर्शन भए। अब यसको एक महिनामा अर्थात् यही माघ २६ गतेबाट 'हात्तीछाप' र 'दयारानी' प्रदर्शनमा आउँदैछन् ।

यसरी हेर्दा कात्तिकदेखि माघसम्म रिलिजको हिसाबले फिल्मको संख्या ६ पुग्नेछ। यो न्यून हो। एकातिर जाडो मौसम र अर्कोतिर ठूला भारतीय फिल्म रिलिजको चापले पनि नेपाली फिल्मको रिलिजमा कमी आएको देखिन्छ। तर, आगामी फागुनमा भने फिल्म रिलिजको ठूलो चाप छ। यो महिनामा ६ वटा फिल्म रिलिजको तयारीमा छन्। एउटै मितिमा ३ वटा फिल्मसम्म प्रदर्शन हुँदैछन्।

फागुनको सुरुवात फिल्म 'जिग्री'बाट हुनेछ, जुन फागुन ४ गते रिलिज हुँदैछ । त्यसपछि फागुन ११ गते 'गोर्खा वारियर' र फागुन १८ गते 'द अनब्रेकेबल अगस्त्य' प्रदर्शनमा आउने तयारीमा छन् । यी ३ वटै फिल्मले सोलो रिलिजको दुर्लभ मौका पाएका छन्। जसले गर्दा हल र दर्शक बाँडिने छैनन्। तर, अघिल्ला हप्ताको फिल्मले 'पिकअप' लिएको अवस्थामा भने अर्को फिल्मलाई गाह्रो पर्नेछ।

त्यस्तै, फागुन २५ गते नेपाली फिल्मबीच महासंग्राम हुँदैछ । यो मितिमा 'उपहार', 'रंगेली' र 'काँडेतार' गरी ३ वटा फिल्म रिलिजको तयारीमा छन्। महाशिवरात्रीको विदा छोप्न यो भिडन्त हुन लागेका हुन् । फागुनमा रिलिज हुन लागेका ६ वटा फिल्ममा गरी १२ करोडमाथि लगानी देखिन्छ। र, त्यो उठाउन लगभग २५ करोडको कमाई गर्नुपर्ने हुन्छ । यो असम्भव छैन, तर सहज पनि छैन । फिल्मीखबर

# दयाहाङको दाबी- 'हात्तीछाप'को कथामा छुट्टै संसार छ'



काठमाण्डु । अमेरिकामा फिल्म 'भूठान'को एक हप्ता लामो छायांकन भ्याएर बुधबार काठमाडौं आइपुगेका अभिनेता दयाहाङ राई शुक्रबारबाट फिल्म 'मनसरा'को छायांकनमा जोडिएका छन् । बिहीबार भने उनले यही माघ २६ गतेबाट एकसाथ प्रदर्शनमा आउन लागेका आफ्ना दुईवटा फिल्म 'हात्तीछाप' र 'दयारानी'को प्रचारका लागि समय निकालेका थिए। दुवै फिल्मप्रति उनको उत्साह देखिन्थ्यो ।

दयाहाङ 'हात्तीछाप' उत्कृष्ट बनेको दाबी गर्छन् । 'यो फिल्मको मुख्य उद्देश्य त व्यवसायिकता नै हो । तर पनि फिल्मले समाजका विभिन्न यथार्थपरक विषयवस्तुलाई समेट्न खोजेको छ। यो फिल्म उत्कृष्ट बनेको मेरो ठम्याई छ। यसैले पनि म उत्साहित छु,' उनी सुनिए । फिल्मको कथावस्तु, चरित्र र टिम मन परेर काम गरेको बताउँदै उनले दर्शकलाई फरक स्वाद मिल्ने विश्वास व्यक्त गरे ।

फिल्मले पैसाको कथालाई पनि उठाएको दयाहाङको तर्क छ। 'यो अहिलेको समयको कथा हो । ठ्याक्कै भन्दाखेरि पैसाको कथा हो। फिल्मको मर्म पनि लगभग यही हो,' उनी अगाडि भन्छन्, 'मलाई भोलिका दिनमा पनि 'हात्तीछाप' जस्तो फिल्म गरेको थिएँ भनेर गर्व महसुस नै हुन्छ होला। भन्नुको अर्थ म यो फिल्मबाट सन्तुष्ट छु।' फिल्मको कथामा छुट्टै संसार रहेको उनको दाबी छ।

फिल्ममा दयाहाङको जोडीको रुपमा रहेकी अभिनेत्री उपासना सिंह ठकुरीले यसको कथावस्तु शक्तिशाली रहेको बताएकी छन् । उनी भन्छिन्, 'यो फिल्मले नेपाली दर्शकलाई भावनामा जोड्छ । यसलाई व्यवसायिक फिल्मको रुपमा मात्र हेर्नु हुँदैन जस्तो मलाई लाग्छ। सबै नेपालीले भोगेको एउटा विषयलाई लिएर फिल्म बनाइएको छ। भावनात्मक रुपमा पनि फिल्म एकदमै सशक्त छ।'

सिमोस सुनुवारको निर्देशन र किरण नेपालीको प्रस्तुति रहेको फिल्ममा दयाहाङ र उपासनाका साथै सौगात मल्ल, बेनिशा हमाल, विजय बराल, विल्सन विक्रम राई, बुद्धि तामाङ, विनोद न्यौपाने, भोलाराज सापकोटा, सुष्मा निरौला, रेयर राई लगायतको पनि अभिनय छ। कलाकारको 'लाइनअप' बलियो भएकाले फिल्मले घरेलू बक्स अफिसमा सुखद् अंक जोड्ने प्रक्षेपण गरिएको छ। फिल्मीखबर

## क्षयरोग निर्मुल गर्न स्वास्थ्यमन्त्री बस्नेतको आग्रह

टुडे समाचारदाता

पाटन । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले क्षयरोग थाहा पाउन प्रत्येक घरघरमा पुगेर बिरामी पहिचान गरी रोग निर्मुल पार्न सुरु गरिएको अभियानलाई प्रभावकारी बनाउन आग्रह गरेका छन् ।

सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकामा शुक्रबार आयोजित 'क्षयरोग मुक्त नेपाल अभियान'अन्तर्गत दोस्रो चरणको कार्यक्रमको शुभारम्भ गर्दै उनले रोग उन्मूलन गर्न सर्वप्रथम रोग थाहा पाउनुपर्ने बताएका हुन् । "क्षयरोग निर्मुलका लागि तीन वर्षअघिदेखि सुरु भएको यो अभियानमा यस वर्ष थप एक सय वटा पालिका थपिएको छ । सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढीबाट सुरु भएको यो अभियानमा प्रत्येक घरघरमा पुगेर क्षयरोगका बिरामी पहिचान गरी निर्मुलमा ध्यान दिन आग्रह गर्दछु । रोगको निदानका लागि जनचेतना नै महत्वपूर्ण हो, यसका लागि सरकारका तीनै तह एक आपसमा मिलेर काम गर्नुपर्छ", मन्त्री बस्नेतले भने ।

मन्त्री बस्नेतले रोग लागेपछि औषधि उपचार गर्नेभन्दा पनि जनचेतना जगाएर रोग नै लाग्न नदिने कुरामा ध्यान दिनुपर्नेमा जोड दिदै कुपोषणको सिकारबाट नागरिकलाई बचाउन ध्यान दिनुपर्ने बताए । उनले क्षयरोग निर्मुलका लागि सङ्घीय र प्रादेशिक सरकारभन्दा स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ भन्ने प्रष्ट पारे । नेपालले भ्याक्सिन मागेर भए पनि कोभिडका विरुद्धमा लडेर विजय प्राप्त गरेको बताउदै उनले यसका लागि लाग्ने सबैलाई धन्यवाद दिए ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा सङ्गीता मिश्र कौशलले मृत्यु हुनेको संखयामा ५० प्रतिशत क्षयरोगबाट हुने गरेको बताउदै समुदायको सहभागितामा यसको निर्मुल सम्भव छ भन्ने धारणा राखिन । उनले क्षयरोगको निदान गर्न उपचारका लागि निरन्तर लगानी वृद्धि आवश्यक छ भन्दै स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका लागि पनि विभागले निरन्तर काम गर्ने बताईन् । क्षयरोग निर्मुलका लागि गैरसरकारी संस्था, समुदाय, सञ्चार क्षेत्रको साझेदारी आवश्यक छ भन्दै उनले यो महत्वपूर्ण भएको र समाजमा विभेदको स्थितिको अन्त्यका लागि सामाजिक जागरण पनि चाहिने धारणा राखीन् ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा प्रज्वल श्रेष्ठले अभियानका विषयमा प्रस्तुतीकरण गर्दै प्रतिवर्ष दुई सय २९ जना क्षयरोगका बिरामी भेटिने गरेको तथ्याङ्क प्रस्तुत गरे । यो रोग निर्मुलका लागि स्थानीय तहलाई जिम्मेवार बनाएर रोगको पहिचान गरी उपचारको दायरामा ल्याउने उद्देश्य रहेको बताउदै उनले बागमती, मधेस र लुम्बिनी प्रदेशमा क्षयरोगका बिरामी बढी देखा परेको बताए ।चौतारा साँगाचोकगढी नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद सापकोटाले यो अभियानलाई स्थानीय तहको नीति, योजना, बजेट र कार्यक्रममा प्राथमिकतामा राखेर सहयोग गरिने प्रतिबद्धता जनाए ।

# लक्ष्य हासिल गर्न परिचालन महत्वपुर्ण आधार रहेको गृहमन्त्रीको भनाई

टुडे समाचारदाता

गण्डकी । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले 'सुशासन, सामाजिक न्याय र समृद्धि' को लक्ष्य हासिल गर्न स्थानीय प्रशासन र सुरक्षा संयन्त्रको प्रभावकारी परिचालन महत्वपूर्ण आधार भएको बताएका छन् ।



गृह मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको आयोजनमा शुक्रबारदेखि पोखरामा सुरु गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठी २०८० को उद्घाटन गर्दै उनले नागरिक सरोकारका सेवाको प्रभावकारी व्यवस्थापन गर्दै राज्यले लिएको आर्थिक, सामाजिक र भौतिक विकासको लक्ष्य पूरा गर्नसमेत सुरक्षा व्यवस्था सुदृढ गर्नु आवश्यक रहेको बताए ।भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यमा सुरक्षा तथा राज्यका सबै निकायको अहम् दायित्व रहेको उनले बताए । कामकारबाहीमा देखिने स्वार्थको द्वन्द्व न्यूनीकरण गर्न 'नतिजामूलक स्पष्ट कार्य ढाँचा' तयार गर्नुपर्ने उनले बताए ।

राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मीका बीचमा अधिकार तथा कार्यक्षेत्रका सम्बन्धमा देखिने द्वन्द्वले सकारात्मक सन्देश नजाने गृहमन्त्रीले बताए । संविधान र कानुनले व्यवस्था गरेबमोजिम मात्र निर्दिशत हुने, संस्थागत एवं व्यावसायिक समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने, सामूहिक एवं व्यक्तिगत जवाफदेहिताको संस्कृति निर्माण गरी ' नागरिक पहिले' भन्ने सिद्धान्तअनुरुप काम गर्न उनले निर्देशन दिए ।

सङ्घीय व्यवस्थाको कार्यान्वयनसँगै अवसर र चुनौती थपिएका छन् भन्दै उनले शासकीय प्रणाली तथा प्रविधिमा हुने परिवर्तनले सामाजिक जीवनका विविध आयाममा प्रभाव पारेको बताए । तहगत सरकारका निकायबीच समन्वय बढाउँदै स्थानीय प्रशासन र सुरक्षा निकायको परिचालनलाई थप प्रभावकारी बनाउन आवश्यक भएको बताए । उनले भने, "यस्ता गोष्ठीबाट लक्षित परिणाम प्राप्त हुनेमा म विश्वस्त छु ।"

स्थानीय प्रशासन र सुरक्षा व्यवस्थाको सुदृढीकरणबाट मुलुकको आर्थिक समृद्धिका लागि अनुकूल वातावरण निर्माण गर्दै जनतामा सरकारप्रतिको भरोसा अभिवृद्धि गर्न सबै सुरक्षा निकायको महत्वपूर्ण भूमिका हुने गृहमन्त्रीले बताए । संविधानअनुरुप सरकारले गृह मन्त्रालयलाई आमजनताको जीउधनको सुरक्षा, विधिको शासनको पालना, मानव अधिकारको रक्षा र खुला बजारको नियमन गर्दै सामाजिक स्थायित्व कायम गर्ने महत्वपूर्ण जिम्मेवारी सुम्पिएको स्पष्ट गर्नुभयो । सुशासन, स्थिरता र विकासका लागि मन्त्रालयले प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा निरन्तर काम गरिरहेको उनले बताए ।

सङ्घीयता कार्यान्वयनको सङ्क्रमण अझै नसकिएको बताउँदै उनले सङ्घीय नेपालको शासकीय प्रणालीको पूर्ण कार्यान्वयनका लागि राजनीतिक तथा संस्थागत आधार निर्माण भएको भए तापनि, प्रशासनिक, कानुनी एवं कार्यविधिगत विषयसँग सम्बन्धित काम आंशिकरुपमा बाँकी नै रहेको बताए । सरकार प्रभावकारीरुपमा सङ्क्रमणकालीन अवस्थाका बाँकी कार्यभार पूरा गर्ने काममा अगाडि बढिरहेको उनले बताए ।

गृह प्रशासनको पहिलो प्राथमिकता एवं नागरिकको प्रमुख अपेक्षा सुशासन, शान्ति र सामाजिक सुव्यवस्था कायम नै रहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले यसका लागि सेवा प्रवाहमा हुने ढिलासुस्ती, अपारदर्शिता, अनुत्तरदायी प्रवृत्ति, दण्डहीनता तथा भ्रष्टाचार प्रमुख चुनौती बनेका बताए ।उपप्रधानमन्त्री श्रेष्ठले बैंकसँग ऋण लिएर ऋण तिर्दिन भन्दै अवाञ्छित माग राखी शान्ति सुव्यवस्थामा खलल पुऱ्याउने, सामाजिक सञ्जालको दुरुपयोग गरी धार्मिक तथा जातीय अतिवाद बढाउने, सहिष्णु समाजको सद्भावमा विग्रह ल्याई निहित स्वार्थ पूरा गर्ने प्रवृत्ति देखा परेको बताए ।

सङ्गठित अपराध, जबर्जस्ती असुली, चेलीबेटी बेचबिखन नियन्त्रण र अपराधीसँग साँठगाँठ गर्ने जोसुकैलाई सेवाबाट बर्खास्त गर्ने व्यवस्था अपराधविरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्दै अगाडि बढ्न उहाँले निर्देशन दिए । वित्तीय अपराधका कारण धेरै ठूलो संखयामा नागरिक ठगिएका र कतिपय बेघरबार बनेको बताउँदै उनले सहकारी, अनुचित लेनदेन, सामाजिक सञ्जाल र इन्टरनेटमा आधारित अवैध वित्तीय कारोबार, वैदेशिक रोजगारीको प्रलोभनमा हुने ठगीलगायत अपराधको नियन्त्रण चुनौती बनेको बताए ।

सडक सुशासन कायम गरी जनधनको संरक्षण गर्न तीन तहकै सरकार, आमजनसाधारण, सेवाप्रदायक, नियामक निकाय, सबैको प्रयास आवश्यक भएको बताउँदै गृहमन्त्रीले त्यसनिम्ति स्थानीय प्रशासनलेनेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । लागुऔषध दुरुपयोग नियन्त्रण, प्राकृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण साना हातहतियारको अवैध ओसारपसार नियन्त्रण गैरव्यावसायिक क्रियाकलापको नियन्त्रण गरी उपभोक्ता र सर्वसाधारणको हित संरक्षण उत्तिकै महत्वपूर्ण विषय भएकाले यो क्षेत्रमा योजनाबद्धरुपमा कार्ययोजना बनाई काम गर्न उनले आग्रह गरे ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशमा भारतसँग र चीनसँग जोडिने सीमानाका रहे पनि त्यसको अपेक्षित लाभ लिन नसकिएको बताए । वित्तीय सङ्घीयताको चर्चा गरिए पनि प्रदेश सरकारले छुट्याएको रकमको परिचालन गर्न पनि सङ्घको स्वीकृति लिनुपर्नेलगायत व्यवस्था रहेको उनले बताए । गृहमन्त्रालयका सचिव दिनेश भट्टराई, प्रदेश सचिव यमुना प्रधानले देशमा शान्तिसुरक्षा कायम गर्न भएका प्रयासबारे जानकारी दिएका थिए ।

# महिलाको उम्मेदवारी कमजोर : सांसद थापा

काठमाण्डु । सङ्घीय सांसदको जिम्मेवारीमा आएको एक वर्ष भयो । संसद्को मूल जिम्मेवारी कानुन निर्माण नै हो । कानुन निर्माणको दृष्टिकोणबाट पहिलो एक वर्ष सोचेजस्तो भएन । एक वर्षमा एउटा मात्रै कानुन पारित भयो । कानुन निर्माणका हिसाबले संसद् प्रभावकारी हुन सकेन । जति विधेयक सदनमा आउन पर्ने थियो, सरकारले त्यो संख्यामा विधेयक ल्याउन सकेन । त्यसमा कमजोरी भयो । कानुन निर्माणमा सत्ता र प्रतिपक्ष दुवै अग्रसर हुनुपर्थो । प्रतिपक्ष यसबीचमा कसरी सत्ताप्राप्ति गर्न सकिन्छ भन्ने मै केन्द्रित हुनपुग्यो । त्यसले पनि ऐन बनाउने विषयले कम महत्व पाएको जस्तो अनुभूति भएको छ ।



चुनावमा दलहरुले आ-आफ्ना 'एजेन्डा' लिएर मत माग्न जानु स्वाभाविक हो । कानुन निर्माणमा भने दलहरुबीच सहमति र सहकार्य हुनुपर्ने थियो । यस बीचमा त्यो भएको महसुस भएन । उता सांसदमा नवप्रवेशी र महिला सांसदलाई तुलनात्मकरुपमा कमजोर हुन्छ भन्ने सम्झने र बुझ्ने चलन छ । नेपालको परिवेशमा सांसदको भूमिका कानुन निर्माणमा मात्र सीमित छैन । मतदाताले सांसदलाई विकासका कामसँग जोडेर हेर्ने चलन छ । तथापि, कानुन निर्माण नै प्राथमिकता हो भन्ने विषयमा स्वयं सजग र सचेत हुनुपर्छ ।

कतिपय विधायकले आफ्नो मुख्य जिम्मेवारी छुट्याउन नसक्दा संसद् र संसदीय समितिमा मात्रै होइन, संसदीय दलमा समेत गणपूरक संखयाको प्रश्न उठ्दै आएको छ । मैले यो विषयमा दलमा पटकपटक आवाज उठाउँदै आएको छु । विधेयकमा हुने छलफलमा विभिन्न कोणबाट प्रश्न उठ्दा सांसदले मलाई थाहा भएन भन्न मिल्दैन । त्यसका लागि बैठकमा उपस्थित अनिवार्य बनाउनुपर्छ । छलफलमा उपस्थित नभएपछि विषयवस्तु र कानुनी प्रभावबारे कसरी थाहा पाइन्छ ? कानुन निर्माण गरिँदा वा नगरिँदा के कस्तो दीर्घकालीन असर पर्छ अर्थात् के गर्दा के हुन्छ भन्ने कुरा जान्नुपर्छ, थाहा पाउनुपर्छ । संसद् र समितिमा उपस्थित न्यूनतम सङ्ख्या नपुग्दा जिम्मेवारी बोध भएन कि कसो भन्ने लाग्छ । निर्वाचन क्षेत्र र जिल्लाका समस्या एवं भूगोल बुझेको हुनाले एउटा सांसद मन्त्री हुनुहुन्न, अरू कोही भन्ने तर्क त्यति व्यावहारिक हुँदैन । पछिल्लो समय निर्वाचन प्रणाली खर्चिलो भएकै कारण प्रत्यक्ष निर्वाचनमा महिलाको उम्मेदवारी कमजोर बन्न पुगेको छ ।

आर्थिक पाटोमा महिलाको अधिकार नभएका कारण प्रत्यक्ष निर्वाचनमा महिलालाई टिकट नै नदिने प्रवृत्ति छ । त्यसकारण सामानुपातिकमा पुरुषको सङ्ख्या तुलनात्मकरुपमा कम हुन पुगेको छ । यस विषयमा दलका शीर्ष तहका नेताले सोच्नुपर्ने बेला आइसकेको छ । रुकुम पूर्व देशकै कान्छो र नयाँ जिल्ला हो । जिल्लाको भूगोल अप्ठ्यारो छ । यो पहिले पाल्पा गौडा मातहतमा थियो । पछि कहिले डोल्पा, कहिले रुकुममा गाभियो । सदरमुकामबाट जहिले पनि टाढा रहेपछि विकासका हिसाबले पछि पऱ्यो । नयाँ जिल्ला भएकाले अभाव धेरै छ । शिक्षा, स्वास्थ्य, सडक र पूर्वाधार विकासका हिसाबले धेरै पछि परेको छ । जिल्लाभरमा एउटा पालिकाको एउटा वडामा मात्र पूर्ण विद्युतीकरण भएको छ । पालिका केन्द्र पुग्न अझै दुई दिन हिँड्नुपर्ने बाध्यता छ । जिल्लाको भूगोल र बजेट विनियोजनको पाटोबाट आफ्नो पार्टी सरकारमा छ भन्ने अनुभूति गर्न पाएको छैन । सबै हिसाबबाट उपेक्षित छ ।

अर्कोतर्फ संसद्मा पनि कतिपय अवस्थामा महिला भएकै कारण विभेद भएको महसुस गरेको छु । शून्य समयमा हामी महिलाले समसामयिक र जिल्लाका कुरा उठाउँदै आएका छौँ । विशेष समय र अरू बेला पुरुषले पहिला र बढी समय पाउनुहुन्छ । हामीलाई थोरै समय दिइन्छ । त्यो पनि सबै बोलेर हिँडिसकेपछि अन्तिम समयमा बोल्ने अवसर मिल्छ । त्यहाँ त्यसबेला खाली कुर्सीमात्रै हुन्छन् ।

महिलालाई समानुपातिक भनेर दोस्रो दर्जाका रुपमा हेरिने चलन छ । व्यवस्था फेरिए पनि जनताको अवस्था उस्तै छ।प्रणाली परिवर्तन भयो तर प्रवृत्ति बदल्न सकेनौँ । प्रजातन्त्रको पुनः स्थापनापछि शासकीय र सत्तामा पुगेका नेतृत्व तहले देश र जनताप्रति जिम्मेवारी महसुस गरेनन् । फलस्वरुप जनतामा असन्तुष्टि देखिन पुग्यो । राज्यप्रति जनताको विश्वास कमजोर भयो । विद्यार्थी र युवा विदेश पलायन हुन बाध्य भए । सत्ता र सरकारी संयन्त्रको निर्णायक तहमा बस्नेले ठीक समयमा सही निर्णय गर्न सकेनन् । त्यसको एउटा उदाहरणका रुपमा कतिपय विश्वविद्यालय, कलेजमा विद्यार्थी संख्या अहिले ह्वात्तै घटेको छ ।

प्रतिस्पर्धाका आधारमा अब्बल व्यक्ति छान्नुपर्नेमा राजनीतिक भागबन्डामा कुलपति, शिक्षाध्यक्ष, क्याम्पस प्रमुख नियुक्ति गर्ने होडबाजीले नेपाली युवालाई विदेश जान मलजल गरेको छ । यही अवस्था रहेमा अबको १० वर्षपछि नेपालमा ज्येष्ठ नागरिक मात्रै रहने हुन् कि भन्ने स्थिति बनेको छ । यो अवस्था अन्त्य गर्न राजनीति नेतृत्वले समयमै सोच्नुपर्छ भन्ने लाग्छ ।

देशलाई विकास र समृद्धिको मार्गमा अघि बढाउन हामी अहिलेजस्तो भूमिकामा छौँ, नेतृत्वलाई सजग र सचेत गराउने काम दृढताका साथ गर्छौं । विश्वका कतिपय देश हिउँ नै हिउँले ढाकिएका छन् । कोही देश मरुभूमि र बगर मात्रै छन् । नेपाल भने प्राकृतिक विविधताले भरिपूर्ण र सुन्दर छ । नेपाली युवा विद्यार्थीको भविष्य यहीँ छ । विदेशमा सिकेका ज्ञान स्वदेशमै प्रयोग गर्नुपर्छ । भ्रष्टाचारको अन्त्य र सुशासन प्रवर्द्धन गर्नेतर्फ सबैको जोडबल हुनुपर्छ । अनि छोटो समयमै मुलुकलाई समृद्ध तुल्याउन सकिन्छ । अब धेरै कुर्न पर्दैन । स्वर्ग यहीँ छ, देशलाई माया गरौँ ।

(नेपाली कांग्रेसकी सांसद थापा रुकुम पूर्वको पुथा उत्तरगङ्गा-१० का स्थायी बासिन्दा हुनुहुन्छ । विसं २०५२ मा नेपाल विद्यार्थी सङ्घबाट राजनीति यात्रा सुरु गर्नुभएकी नेत्री थापासँग सङ्घको केन्द्रीय समिति सदस्य, नेपाल राष्ट्रिय मगर सङ्घको संस्थापक सदस्य र उपसभापति भई काम गरेको अनुभव छ । समानुपातिक निर्वाचन प्रणालीमा आदिवासी जनजाति समूहबाट निर्वाचित उहाँ यसअघि नेपाल महिला सङ्घको तेस्रो महाधिवेशनमा केन्द्रीय कोषाध्यक्ष र पार्टीको केन्द्रीय सदस्यको प्रत्याशी समेत हुनुभयो ।)रासस

# विमानस्थल विस्तारको सपना पूरा भएपछि प्रमुख दाहाल खुसी

टुडे समाचारदाता

चितवन । बिहीबार दिउँसो आफ्नो कार्यकक्षमै रहेका बेला भरतपुर महानगरका प्रमुख रेनु दाहाललाई काठमाडौँबाट फोन गयो । फोनको सन्देशमा नेपाल सरकारले चितवनको भरतपुर विमानस्थल विस्तारको निर्णय गरेको कुरा रहेछ । प्रमुख दाहाल आफ्नो कुर्सीबाटै जुरुक्क उठीन् र हर्षित हुँदै धन्यवाद व्यक्त गरिन् ।



काठमाडौँबाट फोनमा हुनुहुन्थ्यो प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र चितवनमा महानगर प्रमुख दाहाल । सम्वाद बाबुछोरीको थियो । हामीले फोनबाट सुनेको धन्यवाद पनि उनले आफ्ना पिता दाहाललाई नै दिएका थिए । तर यो संवादले भरतपुर विमानस्थललाई ठूलो जहाज बस्नेगरी विस्तार गर्ने सरकारको निर्णयको खुसीको खबर बोकेको थियो । जुन काम महानगरप्रमुख दाहालको अघिल्लो कार्यकालदेखिकै सपना थियो । त्यसैले महानगर प्रमुख दाहालले प्रधानमन्त्रीसहित नेपाल सरकारलाई विशेष धन्यवाद ज्ञापन गरेकी थिईन् ।

निर्णयपछि कार्यकक्षमा पुगेका सञ्चारकर्मीसँग महानगर प्रमुख दाहालले भनिन्, "मैले पहिलो कार्यकालको सुरुआतमै राखेको 'एजेन्डा' थियो यो । आज सरकारले निर्णय गरेपछि आफ्नो वाचा र चितवनका जनताको माया अकस्मात सम्झिएँ र निकै खुसी भएँ ।" निरन्तर लागेर छ वर्षपछि मन्त्रिपरिषद्बाट निर्णय गराउन सफल हुँदा निकै खुसी लागेको उनले बताईन् । उनले भनिन्, "नेपाली सेनाको घोडा प्रजनन केन्द्र शक्तिखोर स्थानान्तरण गरेर विमानस्थलको धावनमार्ग विस्तार गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । अब यो निर्णयलाई साकार पार्न यसअघि र अहिलेजस्तै चितवनका सबै नागरिकको साथ र सहयोग आवश्यक छ ।"

हालका पर्यटन तथा नागरिक उड्डयनमन्त्रीसहित ६ वर्षमा छजना मन्त्रीसँग विमानस्थल विस्तारका लागि छलफल गरेको महानगर प्रमुख दाहालले सुनाईन् । उनले आफ्नो मोबाइलमा तस्बिर देखाउँदै भनिन्, "जिल्लाका सरोकारवालालाई जम्मा गरेर धेरै पटक बैठक बसियो । कहिले निराशा त धेरै आशा नै पलाएको हो । मलाई लाग्छ त्यसैले आज यो निर्णय हुन सकेको छ ।"

विमानस्थल विस्तार भएपछि ठूला जहाज उडान भर्न सक्नेछन् । रात्रिकालीन उडानसमेत हुनेछन् । यससँगै सस्तो मूल्यमा यात्रुले टिकट पाउनेछन् । अहिले भरतपुर-काठमाडौँको हवाई टिकट रु चार हजार आठ सय हाराहारी पर्दछ । यकिन नभए पनि ठूला जहाज उड्दै गर्दा रु तीन हजार हाराहारीमा टिकटको मूल्य झर्ने अनुमान छ ।प्रमुख दाहालले भनिन्, "बिहान काठमाडौँ गएर दिनभरि काम गरेर साँझ फर्किन सकिन्छ ।" दुई साताअघि भरतपुर स्थित नेपाली सेनाको ब्यारेकमा आएका उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले प्रमुख दाहाललाई बोलाएका थिए । संयोग त्यतिबेला दाहाल काठमाडौँ थिईन् । उनले विमानस्थल विस्तारका लागि सकारात्मक पहल गर्न प्रमुख दाहाललाई बोलाएका थिए ।

प्रमुख दाहालले निरन्तररुपमा विमानस्थल विस्तारका लागि पहल गरिरहँदा प्रधानमन्त्री प्रचण्ड यसलाई सार्थक बनाउन लागिपर्नुभएको थियो । रक्षा मन्त्रालय, नेपाली सेना, पर्यटन मन्त्रालय सबैलाई समेटेर यो काम गर्नुपर्ने अवस्था थियो । प्रमुख दाहालले भनिन्, "धेरै पटक म महानगरपालिकाको निर्णय बोकेर मन्त्री र प्रधानमन्त्री कार्यालयमा पुगेकी छु", उनले अगाडि थप्नुभयो, "पर्यटन र रक्षा मन्त्रालयमा धेरै पटक छलफल गऱ्यौँ ।" भरतपुर विमानस्थलमा टर्मिनल भवन बन्दै गरेकाले अबको केही समयमै नयाँ टर्मिनल र ठूला जहाज अवतरण हुने विमानस्थल बन्ने उनी बताउछिन् ।

यसैले पनि यथासक्य छिटो विमानस्थल विस्तार गर्नुपर्नेमा प्रमुख दाहालको जोड थियो । उनले भनिन्, "चितवनबासी मात्रै होइन, छिमेकी जिल्लाका बासिन्दालाई पनि विमानस्थल विस्तार हुँदै गर्दा प्रत्यक्ष फाइदा पुग्छ ।" नवलपरासीको दाउन्ने पूर्वदेखि हेटौँडासम्मका बासिन्दाको पायक विमानस्थल यही नै हो । त्यसो त तनहुँ, गोरखा, लम्जुङ, धादिङबासीका लागि पनि यो विमानस्थल उपयोगी छ ।

देशकै तेस्रो पर्यटकीय गन्तव्य भएकाले चितवन आउने पर्यटकका लागि विमानस्थल महत्वपूर्ण हुने प्रमुख दाहाल बताउछिन् । उनले भनिन्, "हामीले अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रङ्गशाला बनाउँदैछौँ, देश विदेशका खेलाडी र दर्शक यहाँ आउँछन् । त्यसका लागि पनि विमानस्थल विस्तार आवश्यक थियो ।"

भरतपुरको नेपाली सेनाको ब्यारेक विमानस्थलसँग जोडिएको छ । ब्यारेकमा ७० बिगाहा आठ कठ्ठा चार धुर जग्गामध्ये १९ बिगाहा चार कठ्ठा चार धुर विमानस्थल विस्तारका लागि आवश्यक पर्ने देखिएको छ । यससँगै यहाँको घोडा प्रजनन केन्द्रलाई जिल्लाकै कालिका नगरपालिकाको शक्तिखोरस्थित ब्यारेक हाताभित्र स्थानान्तरण गरिने उहाँले बताउनुभयो । यो विमानस्थल २०१५ सालमा स्थापना भएर २०१८ सालदेखि सञ्चालन हुँदै आएको हो । विमानस्थलको हाल कूल क्षेत्रफल ६२ बिगाहा रहेको छ जसमा एक हजार दुई सय मिटरमात्र धावनमार्ग छ । यो विमानस्थलबाट अहिले काठमाडौँ र पोखरा उडान हुँदै आएको छ । छोटो धावन मार्गका कारण साना जहाज दिउँसोमा मात्रै उडान हुँदा महँगो भाडा तिर्नुपर्ने बाध्यता छ ।

# केन्याको राजधानीमा भीषण आगलागी २०० भन्दा बढी घाइते

**एएफपी**

नैरोबी । केन्याको राजधानी नैरोबीमा ग्यास बोकेको ट्रक विस्फोट हुँदा कम्तीमा दुई जनाको मृत्यु हुनुका साथै २०० भन्दा बढी घाइते भएका केन्याका सरकारी उच्च अधिकारीले शुक्रबार बताएका छन् ।

सरकारका प्रवक्ता आइज्याक मैगुआ मवौराले सामाजिक सञ्जाल एक्स (ट्वीटर)मा लेख्नुभएको छ, "विस्फोटले आगोको ठूलो लप्काले शहरको बीचमा रहेका सवारी साधन र आवासीय भवनहरूलाई भेटेको र घटनामा समाचार तयार पार्दासम्म कम्तीमा दुई व्यक्तिको मृत्यु भएको छ भने दुई सयभन्दा बढी व्यक्ति घाइते भएका छन् । विस्फोटपछि आगोको लप्का व्यापक रूपमा फैलिएको छ ।"



"फलस्वरूप, आगोले धेरै साना र मझौला आकारका व्यवसायसहित धेरै सवारी साधनहरू र व्यावसायका लागि राखिएका समानमा थप क्षति पुऱ्याएको छ", उहाँले भन्नुभयो, "घटनास्थल वरपरका आवासीय घरहरूमा पनि आगो लागेको छ । घटना रातिको समय भएकोले धेरै बासिन्दा घरभित्र रहेकोले ठूलो संख्यामा हताहत भएको पाइएको छ ।

दुर्घटनामा परी कम्तीमा दुई जनाको मृत्यु भएको र अन्य २२२ जनालाई राजधानीका विभिन्न अस्पतालमा लगिएको सरकारी प्रवक्ताले जानकारी दिनुभयो । यसअघि केन्या रेडक्रसले करिब ३०० जना घाइते भएको जानकारी दिएको थियो ।घटनास्थलमा उपलब्ध एएफपीका पत्रकारका अनुसार अग्निनियन्त्रकहरूले स्थानीयसमयअनुसार बिहान ७ :०० बजेसम्म आगो नियन्त्रणमा लिने प्रयास गरिरहेका थिए । त्यस क्षेत्रबाट कालो धुवाँको ठूलो मुस्लो निस्किरहेको देखिएको थियो ।

राजधानीको दक्षिणपूर्वी क्षेत्रमा बिहीबार राति आगलागी भएको थियो ।स्थानीय सञ्चार माध्यमले प्रसारण गरेको तस्बिरमा धेरै घरनजिकै ठूलो आगोको गोला देखिएको छ ।एएफपीका एक पत्रकारका अनुसार धेरै घर र सवारी साधन जलेका छन् ।

"हामी घरमा थियौं र ठूलो विस्फोटको आवाज सुन्यौं," आगो लागेको ठाउँको छेउछाउमा बस्ने जेम्स एनगोगेले एएफपीलाई बताउनुभयो । उहाँले भन्नुभयो, "विस्फोटका कारण आएको आवाज र ठूलो कम्पनले पूरै भवन हल्लिएको थियो, यो ढल्न लागेको जस्तो लाग्यो । सुरुमा त हामीलाई के भइरहेको छ भन्ने पनि थाहा थिएन, यो भूकम्पजस्तै थियो ।"घटनापछि घटनास्थल वरपरका धेरै बासिन्दाले घरबाहिर अलि टाढा गएर रात बिताएका थिए ।

सञ्चारमाध्यमले देखाएका भिडियो तथा तस्बीरमा प्रहरीले प्रभावित क्षेत्रलाई घेरेको छ तर केही मानिसहरूले आफ्ना सामानहरू सङ्कलन गरेको र क्षतिको सर्वेक्षण गरेको देख्न सकिन्छ ।"घटनास्थल सुरक्षित भइसकेको छ र उद्धार र अन्य हस्तक्षेप प्रयासमा सहयोग पुऱ्याउन कमाण्ड सेन्टर बनाइएको छ," मवौराले भन्नुभयो । यसअघि, सन् २०१८ मा नैरोबीको जिकोम्बा बजारमा भएको आगलागीमा परी १५ जनाको मृत्यु भएको थियो भने ७० जना घाइते भएका थिए ।

# गोल्डकपका लागि खेल मैदानको स्तरोन्नति



**टुडे समाचारदाता**

झापा । अन्तर्राष्ट्रियस्तरको झापा गोल्डकप २०८० का लागि खेल मैदानको स्तरोन्नति सुरु गरिएको छ । विर्तामोडस्थित डोमालाल राजवंशी रङ्गशालामा आगामी फागुन १९ गतेदेखि हुने छैटौं संस्करणको झापा गोल्डकपलाई भव्यरुपमा सम्पन्न गर्न खेल मैदानको स्तरोन्नति थालिएको हो ।

गोल्डकपका अध्यक्ष विनोद बस्नेतले रङ्गशालामा भएको झार गोड्ने, प्राकृतिक घाँसे मैदानलाई मिलाएर बुट्टादार बनाउनेलगायत कार्य सुरु गरिएको बताउनुभयो । "खेल मैदानको आकर्षणमा कुनै कृत्रिमता हुँदैन", उनले भने, "यस्तो प्रतिष्ठित प्रतियोगितामा मैदानको आकर्षण नघटोस् भन्ने उद्देश्यले यसको स्तरोन्नतिमा ध्यान दिइरहेका छौं ।" रङ्गशालामा १० हजार दर्शक बस्न सक्नेगरी बाँसको प्यारापिट निर्माणको तयारी गरिएको छ ।

छैटौं संस्करणको झापा गोल्डकपको विजेताले नगद रु १३ लाख र उपविजेताले नगद रु सात लाख प्राप्त गर्नेछन् । गोल्डकप सम्पन्न गर्न रु एक करोड ४० लाख विनियोजन गरिएको छ ।

उत्कृष्ट खेलाडीलाई एक थान मोटरसाइकल, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट रक्षक, उत्कृष्ट 'मिडफिल्डर', उत्कृष्ट 'फरवार्ड', सर्वाधिक गोलकर्ता र उत्कृष्ट प्रशिक्षकलाई नगद रु २५ हजार प्रदान गरिने अध्यक्ष बस्नेतले बताए । प्रत्येक खेलका 'प्लेयर अफ द म्याच'लाई नगद रु ११ हजार दिइनेछ ।प्रतियोगितामा आयोजककोतर्फबाट झापा ११ फुटबल क्लबसहित नेपालका 'ए' डिभिजन क्लबका सात र विदेशी तीन गरी १० टोलीबीच प्रतिस्पर्धा हुनेछ ।

# अफगान महिलाहरूद्वारा राष्ट्रसङ्घसँग आग्रह

**एएनआइ**

काबुल । अफगानी महिला आन्दोलनका प्रमुख सदस्यहरूले अफगानिस्तानमा हुने दोहा सम्मेलनमा महिलाहरूको सक्रिय सहभागिताको वकालत गर्न संयुक्त राष्ट्रसङ्घलाई आग्रह गरेको खामा प्रेसले जनाएको छ ।



संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पत्रमा अफगान महिलाहरूसँग परामर्श नगरी अफगानिस्तानको भाग्यबारे हुने कुनै पनि निर्णय स्वीकार्य नहुने बताइएको छ । राष्ट्रसङ्लाई पठाएको खुला पत्रमा लगभग १० वटा विरोध आन्दोलनका हस्ताक्षरहरु समावेस छन् । महिला अधिकारकर्मीहरूबीचको भर्चुअल बैठकपछि बुधवार उक्त पत्र जारी गरिएको हो । संयुक्त राष्ट्रसङ्घको दोहा सम्मेलन फेब्रुअरी १८-१९ का लागि तय भएको छ ।

अफगानिस्तानको बिषयमा केन्द्रित यो दोस्रो दोहा सम्मेलन हो । संयुक्त राष्ट्रसङ्घले लगभग आठ महिना अघि पहिलो सम्मेलन आयोजना गरेको थियो ।प्रारम्भिक दोहा सम्मेलनमा अफगान महिलाहरूको प्रतिनिधित्व नभएको बताइएको छ ।यसबाहेक, संयुक्त राष्ट्रसङ्घलाई पठाइएको पत्रमा अफगानिस्तानमा केटीहरूको मानहानि हिरासत, लैङ्गिक हिंसादेखि लैङ्गिक रङ्गभेदका कार्यसहित महिला अधिकारको उल्लङ्घनलाई ध्यानमा राख्दै महिलाको अर्थपूर्ण उपस्थिति महत्वपूर्ण रहेको उल्लेख गरिएको छ ।

यस सम्मेलनमा सहभागी हुन तालिवान सरकारका अधिकारीहरूलाई पनि निमन्त्रणा गरिएको छ ।अफगानिस्तानमा महिलाहरू आधारभूत मानव अधिकारबाट वञ्चित भएकाले विगत साढे दुई वर्षदेखि तालिबानले महिलाविरुद्ध गरेको कठोर कारबाहीविरुद्ध महिला अधिकारकर्मीहरू लडिरहेका छन् । पछिल्लो समयमा उनीहरूलाई सम्मेलनमा अर्थपूर्णरूपमा समावेश गर्नुपर्ने तर्क गरिरहेका छन् ।महिला अधिकारकर्मीहरू मध्येका एक मिना रफीकले तालिबानको नीतिलाई सक्रिय रूपमा विरोध गर्ने महिलाहरूलाई दोहा सम्मेलनमा आमन्त्रित गर्नुपर्ने कुरामा जोड दिनुभएको छ ।

अघिल्ला सम्मेलनहरूमा, वास्तविक महिला प्रतिनिधिहरू अनुपस्थित रहेकाले प्रभावकारी नभएको बताउदै दोहा सम्मेलनमा तालिवानका नीतिहरूको सक्रिय रूपमा विरोध गर्ने र लड्ने महिलाहरूलाई आमन्त्रित गर्नुपर्ने उहाँले बताउनुभयो ।खामा प्रेसका अनुसार दोहा सम्मेलनले टर्कीका पूर्व कूटनीतिज्ञ फेरिदुन सिनिरिओग्लुले राखेका प्रस्तावहरूबारे छलफल र वार्ता गर्नु हो ।स्रोतका अनुसार यस सम्मेलनमा अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घका लागि नयाँ दूत नियुक्तिका बारेमा छलफलसमेत हुनेछ ।

# मलेसियाको हिरासतबाट १०० भन्दा बढी रोहिंग्या शरणार्थी फरार



**एएफपी**

क्वालालम्पुर । मलेसियामा रोहिङ्ग्या शरणार्थी रहेको हिरासत केन्द्रमा भएको हिंसात्मक झडपपछि १०० भन्दा बढी शरणार्थी हिरासतबाट भागेका छन् भने भाग्ने क्रममा राजमार्गमा गाडीको ठक्करबाट एक जनाको मृत्यु भएको छ ।

उत्तरी पेराक राज्यको बिदोर अस्थायी अध्यागमन डिपोबाट भाग्नुअघि ११५ रोहिंग्या आप्रवासी र अन्य १६ जनाले आफ्नो हिरासत भवनमा दङ्गा गरेको स्थानीय प्रहरी प्रमुख मोहम्मद नईम अस्नावीले एएफपीसँगको कुराकानीमा पुष्टि गर्नुभयो । प्रहरी र अन्य निकायका अधिकारीहरूले बेपत्ता थुनुवाहरूको खोजी गरिरहेको नइमले बताउनुभयो ।

उहाँले उत्तर-दक्षिण राजमार्गमा अँध्यारोमा गुडिरहेको गाडीको ठक्करबाट एक शरणार्थीको मृत्यु भएको बताउनुभयो । प्रहरीका अनुसार दङ्गा र झडपको कारणबारे अनुसन्धान भइरहेको छ ।आफ्नो बौद्ध बहुल मातृभूमि म्यान्मामा उत्पीडनको शिकार भई मुस्लिम बहुल मलेसिया, इन्डोनेशिया र बङ्गलादेशको शरणार्थी शिविरहरूमा रहँदै आएका छन् । यसमध्ये अधिकांश बङ्गलादेशमा रहेका दर्जनौं शरणार्थी शिविरहरूमा रहेका छन् ।

गरिबीसँग जुध्दै रोजगारीको अवसरका लागि बङ्गलादेश र म्यान्माबाट थाइल्याण्डसँगको खुला सिमाना भएर डुङ्गाचढेर मलेसिया छिर्न वा लुकिछिपी मलेसिया प्रवेश गर्न उनीहरूले महिनौं लामो समुद्री यात्रा गर्छन् ।पक्राउ परेमा उनीहरूलाई सामान्यतया भीडभाड र फोहोर अवस्थामा रहेका हिरासत केन्द्रमा पठाइने गरेको अधिकारवादी समूहहरूले बताउने गरेका छन् । मलेसियामा एक लाखभन्दा बढी रोहिङ्ग्याहरू अवैध रूपमा स्थापित व्यवसायिक संस्था र अन्य कम तलबका काम गर्छन् ।

# बाह्र वर्षपछि राष्ट्रिय खेलकुद प्रतियोगिता

**टुडे समाचारदाता**

दोधारा चाँदनी । खेलाडी उत्पादनको उर्वर भूमि मानिने कञ्चनपुरमा १२ वर्षपछि राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता भएको छ । यहाँ हाल तेस्रो मुख्यमन्त्री कप पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता चलिरहेको छ ।



भलिबल, क्रिकेट, कुस्ती, भारत्तोलन, तेक्वान्दो, हक्की, कबड्डी, फुटबल, बक्सिङलगायत खेलका खेलाडी उत्पादनको थलोका रुपमा रहेको कञ्चनपुरमा यसअघि खेलकुद गतिविधि सुनसानजस्तै बनेको थियो । विसं २०६८ मा छैटौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गरिएको थियो । उक्त प्रतियोगिताका केही खेल कञ्चनपुरमा तथा बाँकी खेल कैलाली र डडेल्धुरामा खेलाइएका थिए । त्यसयता कञ्चनपुरमा राष्ट्रिय प्रतियोगिता हुन नसकेको ओलम्पियन एवं बक्सिङ प्रशिक्षक डम्बरदत्त भट्टले बताए ।

"छैटौं राष्ट्रिय खेलकुदपछि यहाँ कुनै प्रतियोगिता भएनन्, कारण खेलाडी र खेलप्रेमी निराश थिए", उनले भने । भट्टले भने, "१२ वर्षपछि महेन्द्रनगरस्थित खुलामञ्चमा तेस्रो मुख्यमन्त्री कप पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता भएपछि यहाँको खेलजगत् निकै उत्साही छ ।" उनले महेन्द्रनगरमा भइरहेको राष्ट्रिय भलिबल प्रतियोगितामा दर्शकको उत्साहले खेलाडीलाई हौसला प्रदान गरेको बताए । "कञ्चनपुरमा खेलकुदको इतिहास हेर्ने हो भने हरेक खेलका खेलाडीहरु यहीँबाट उत्पादन भएका छन्", उनले भने, "कञ्चनपुरकै उत्पादन दीपेन्द्र सिंह ऐरीले क्रिकेटमा विश्व कीर्तिमान बनाउन सफल भएका छन ।"

सातवटा प्रदेश र तीनवटा विभागीय टोली गरी दशवटा टोलीको सहभागिता रहेको तेस्रो मुख्यमन्त्री कप पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता उत्साहपूर्ण छ । प्रतियोगितास्थल खुलामञ्चमा दर्शकले भरिभराउ छ । एक दशक लामो समयपछि यहाँ राष्ट्रिय प्रतियोगिता भएपछि यहाँको खेलजगत् निकै उत्साहित बनेको राष्ट्रिय भलिबल टोलीका मुख्य प्रशिक्षक जगदीशप्रसाद भट्टले बताए । "पछिल्लो दुई दशकयता सुदूरपश्चिमबाट राम्रो खेलाडी उत्पादन भइरहेका छन्," उनले भने, "यस्ता प्रतियोगिताले खेलाडीहरुको क्षमता निखार्न मद्दत गर्छ ।"

यही भूमिको प्रशिक्षणमा उत्पादन भएका धेरै खेलाडी अहिले नेपाली सेना तथा नेपाल प्रहरीको विभागीय टोलीबाट खेल यात्रामा सक्रिय छन् । नेपाली क्रिकेटमा परिचित खेलाडी विनोद भण्डारी, प्रदीप ऐरी, दीपेन्द्र सिंह ऐरी, कमल सिंह ऐरी, ललित भण्डारी, चन्द्र साउद, दिलीप नाथ, सञ्जीव जोरा, भीम सार्की, शेर मल्ल, लोकेश बम र धीरेन्द्र चन्द सुदूरपश्चिमले नै उत्पादन गरेका खेलाडी हुन ।

यहाँ खेलाडीको उर्वर भूमि भए पनि प्रशिक्षक अभाव र पूर्वाधार विकास हुन नसक्नु यहाँका स्थानीय बताउँछन । "भलिबल होस् या क्रिकेट होस् राष्ट्रिय टोली र विभागीय टेलीमा सुदूरपश्चिमकै खेलाडीहरु छन्," यहाँका स्थानीय नरेश जोशीले भने, "यहाँ खेलका पूर्वाधार निर्माण र राम्रो प्रशिक्षण भए अझै उत्कृट खेलाडी उत्पादन हुन आउन सक्छन् ।"

# कैदी परेवा आठ महिनापछि रिहा



**एएफपी**

नयाँदिल्ली । चिनियाँ जासुस भएको आरोपमा 'पक्राउ गरी' भारतीय प्रहरी हिरासतमा आठ महिना राखिएको एउटा परेवालाई सफाइपछि रिहा गरिएको छ ।

टाइम्स अफ इन्डियाका अनुसार आर्थिक राजधानी मुम्बईको एक बन्दरगाहमा पखेटामा 'चिनियाँ जस्तो लिपिमा लेखिएको सन्देश' सहित उक्त चरा समातिएको थियो ।"सुरुमा प्रहरीले चराविरुद्ध जासुसी गरेको आरोपमा मुद्दा दर्ता गरेको थियो, तर अनुसन्धान पूरा भएपछि उनीहरूले आरोप फिर्ता लिएका थिए," रिपोर्टमा भनिएको छ ।

अज्ञात चरालाई शहरको एक अस्पतालमा थुनेर राखिएको थियो भने प्रहरीले अनुसन्धान गरिरहेको थियो ।पिपुल फर द एथिकल ट्रिटमेन्ट अफ एनिमल्स (पेटा) को भारतीय कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यो अनुसन्धानमा आश्चर्यजनक आठ महिना लागेको छ ।"

पेटा इन्डियाका अनुसार प्रहरीले बुधबार अस्पताललाई परेवा छोड्न औपचारिक अनुमति दिएको छ ।स्थानीय सञ्चारमाध्यमका अनुसार उक्त चरा स्वस्थ अवस्थामा रिहा भएको छ । जासूसीको आरोपमा भारतीय अधिकारीहरूले हिरासतमा लिएका कयौंमध्ये यो पछिल्लो परेवा हो ।

सन् २०१६ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई धम्कीपूर्ण सन्देश बोकेको अवस्थामा फेला परेको परेवालाई सीमा सुरक्षा अधिकारीहरूले नियन्त्रणमा लिएका थिए । सन् २०१० मा अर्को परेवाको खुट्टामा औंठी र पाकिस्तानी फोन नम्बर र ठेगाना रातो मसीले टाँसिएको अवस्थामा फेला परेपछि सशस्त्र पहरामा राखिएको थियो ।

# युक्रेनमा रुसी ड्रोन आक्रमणपछि ४० हजार मानिस विद्युत्विहीन

**एएफपी**

कीएभ । युक्रेनले दुई दर्जन रूसी ड्रोनको आक्रमणले देशको मध्य भागमा रहेको ऊर्जा पूर्वाधारमा क्षति पुऱ्याएपछि दशौं हजार मानिस विद्युत्विहीन भएको शुक्रबार जनाएको छ ।

स्थानीय समयअनुसार शुक्रबार रातिमा गरिएको आक्रमणले गत हिउँदमा रूसी सेनाले गरेको योजनाबद्ध बमबारीलाई प्रतिध्वनित गरेको र यसले युक्रेनमा दशौं हजार मानिसहरूलाई बिजुली, तातो वा पानीविहीन बनाएको छ । मस्कोले युक्रेनमा २४ वटा इरानी डिजाइनका ड्रोन प्रक्षेपण गरेपछि निप्रोपेत्रोभ्स्क क्षेत्रमा विद्युतीय सुविधाहरू क्षतिग्रस्त भएको युक्रेनी राष्ट्रिय ऊर्जा प्रदायकले जनाएको छ ।

"आक्रमणका कारण ४० हजारभन्दा बढी ग्राहकहरूको

> **जमिनमुनि फसेका करिब १०० जना मजदुरलाई सकुशल बाहिर निकालिएको क्षेत्रीय अधिकारीहरूले बताएका छन् ।**

लागि बिजुली कटौती भएको छ," यस क्षेत्रका प्रमुख सेर्गी लिसाकले सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको छ । दुई खानीहरू बिजुलीविहीन भएका छन् । ऊर्जा सेवा प्रदायक युक्रेनेर्गोले राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको गृहनगर क्रिभी रिग शहरमा रहेको आफ्नो एउटा सबस्टेसनमा आक्रमणका क्रममा क्षति पुगेको जनाएको छ ।

जमिनमुनि फसेका करिब १०० जना मजदुरलाई सकुशल बाहिर निकालिएको क्षेत्रीय अधिकारीहरूले बताएका छन् ।लिसाकका अनुसार पोक्रोभ्स्के गाउँमा रूसी गोलाबारीमा ३७ वर्षीय एक व्यक्ति घाइते भएका छन् ।यसैबीच उत्तरपूर्वी खार्किभ क्षेत्रका करिब ६४ वटा शहर र बस्तीमा रूसी सेनाको गोलाबारीका कारण विद्युत् आपूर्ति हुन नसकेको अधिकारीहरुले बताएका छन् ।

# चीनद्वारा रिपोर्टिङका लागि पत्रकारलाई आमन्त्रण

**सिन्ह्वा**

बेइजिङ । चीनको राष्ट्रिय जनकांग्रेस (एनपीसी), राष्ट्रिय विधायिका र चीनको राष्ट्रिय राजनीतिक सल्लाहकार सम्मेलन (सीपीपीसीसी) को राष्ट्रिय समितिले स्थानीय र अन्तर्राष्ट्रिय पत्रकारहरूलाई मार्चमा हुने आफ्नो वार्षिक अधिवेशनको रिपोर्टिङका लागि आमन्त्रण गर्ने भएको छ ।

एनपीसीको दोस्रो सत्र ६ मार्चमा शुरू हुनेछ भने सीपीपीसीसी १४ औं राष्ट्रिय समितिको दोस्रो सत्र ४ मार्चमा शुरू हुनेछ । एनपीसी स्थायी समिति र सीपीपीसीसी राष्ट्रिय समितिका सामान्य कार्यालयहरूद्वारा संयुक्त रूपमा जारी विज्ञप्तिमा भनिएको छ, "यी दुई सत्रको समाचार कभरेज मुख्यतया स्थलगत रिपोर्टिङको माध्यम र अन्य विभिन्न माध्यमबाट गर्न सकिनेछ ।"

दुवै सत्रका लागि सञ्चार केन्द्र फेब्रुअरी २७ देखि खुला रहने विज्ञप्तिमा उल्लेख छ ।यी दुई सत्रको कभरेज गर्न चाहने चीनस्थित विदेशी पत्रकारले सञ्चार केन्द्रमा आवेदन दिनुपर्नेछ भने चीनमा नरहेका पत्रकारले आफ्नो देशमा रहेका चिनियाँ दूतावास वा वाणिज्य दूतावास वा चीनको विदेश मन्त्रालयबाट अनुमति प्राप्त भिसा संस्थामार्फत आवेदन दिनुपर्नेछ ।

हङकङ र मकाउका पत्रकारहरूले दुई विशेष प्रशासनिक क्षेत्रहरूमा केन्द्रीय सरकारको सम्पर्क कार्यालयहरूमा आवेदन दिनुपर्नेछ । ताइवानका पत्रकारहरूले राज्य परिषदको ताइवान मामिला कार्यालयमा आवेदन दिनुपर्नेछ । आवेदनको लागि अन्तिम समय फेब्रुअरी १८ सम्म तोकिएको छ दुई सत्रको बारेमा थप जानकारी 'डब्ल्यूडब्ल्यूडब्ल्यू डट एनपीसी डट जीओभी डट सीएन' र 'डब्ल्यूडब्ल्यूडब्ल्यू डट सीपीसीसीसी डट जीओभी डट सीएन' उपलब्ध रहेको बताइएको छ ।

# वर्षापछि किसान खुसी

टुडे समाचारदाता

सुदूरपश्चिम । गत असोजमा मनसुन बहिरिएपछि पहिलोपटक सुदूरपश्चिम प्रदेशमा भएको वर्षाले किसान खुसी भएका छन् । लामो समयपछि वर्षा भएकाले बाली सप्रिने भन्दै किसान खुसी भएका हुन् ।

कैलालीका किसान रामबहादुर चौधरीले भने, "वर्षा नहुँदा देखिएको सुक्खा मौसमले किसानलाई समस्या थियो । अहिले वर्षा भएसँगै गहुँ, मसुरो, तरकारी, फलफूललगायत हिउँदे खेतीका लागि राम्रो भएको छ ।" किसान जागुराम रानाले वर्षाले सिँचाइ सुविधाको अभाव झेलिरहेका किसानलाई ठूलो राहत मिलेको बताए ।

बुधबार रातिदेखि बिहीबार अपराह्नसम्म कैलालीमा १४ दशमलव दुई मिलिमिटर वर्षा मापन भएको जल तथा मौसम विज्ञान विभागको अत्तरियास्थित महाकाली बेसिन फिल्ड कार्यालयका प्रमुख सञ्जयकुमार साहले जानकारी दिए । "गत असोज अन्तिमतिर प्रदेशबाट मनसुनी वर्षा बाहिरिएपछि पहिलोपटक बुधबार र बिहीबार वर्षा भएको छ । यसले हिउँदे बालीका लागि अनुकूल प्रभाव परेको छ", उनले भने, "वर्षाले मानव स्वास्थ्यका लागि वायुमण्डलमा रहेको अस्वस्थ्यकर हावालाई पनि सफा बनाएको छ ।"

पश्चिमी वायुको प्रभावस्वरुप वर्षा भएको साहले बताए । पानी पार्ने प्रणाली बिहीबार साँझबाट विस्तारै कमजोर हुँदै गएको उनको भनाइ थियो । यस वर्ष गत पुस पहिलो हप्तादेखि झण्डै ३५ दिनसम्म बाक्लो हुस्सु र कुहिरोसँगै निरन्तर चलेको शीतलहरले जनवीवन कष्टकर बनेको थियो । शीतलहरसँगै यही माघ ११ गते एक दशकयताकै सबैभन्दा कम तापक्रम एक दशमलव आठ डिग्रीसेल्सियस मापन गरिएको थियो ।

पछिल्लो पाँच दिनदेखि शीतलहरको समस्या हटेर घाम लाग्न थालेकामा बुधबार र बिहीबार हिउँदे वर्षा भएको हो । वर्षासँगै सुदूरपश्चिम प्रदेशका बाजुरा, बैतडी, दार्चुलाका हिमाली र उच्च पहाडी भेकमा हिमपात भएको छ । वर्षा र हिमपातले सिँचाइको अभावमा हुर्कन नपाएका पहाडी भेकका बालीलाई फाइदा पुऱ्याएको छ । हिमपातसँगै पहाडी र हिमाली क्षेत्रमा चिसो बढेको छ ।

# हेटौँडा सिमेन्ट उद्योगको उत्पादन शून्य




टुडे समाचारदाता

बागमती । सरकारको स्वामित्वमा सञ्चालित हेटौँडा सिमेन्ट उद्योगको उत्पादन पाँच महिनादेखि शून्य रहेको छ । सिमेन्ट उत्पादनका लागि आवश्यक पर्ने कोइला अभाव भएकाले उत्पादन हुन नसकेको उद्योग प्रशासनले जनाएको छ ।

सिमेन्ट उत्पादन नभएपछि प्राविधिक तथा प्रशासनिक कर्मचारी र श्रमिक कामविहीन भएका छन् । विगत चार आर्थिक वर्षदेखि निरन्तर घाटामा रहेको उक्त उद्योगबाट सिमेन्ट उत्पादन नहुँदा थप आर्थिक समस्या बढ्दै गएको उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले बताए । रकम अभावले कोइलासमेत खरिद गर्न समस्या भइरहेको उनको भनाइ थियो । रकम अभाव भएपछि अवकाशप्राप्त कर्मचारीले पाउने सेवा सुविधासहितको उपदान नपाएको गुनासो आइरहेको छ । उक्त उपदान नपाउने कर्मचारीको संख्या १५ रहेको उद्योग प्रशासनले जनाएको छ ।

दैनिक सात सय पँचास मेट्रिक टन सिमेन्ट उत्पादन हुनुपर्ने सो उद्योगबाट असोजदेखि उत्पादन शून्य भएको छ । हाल विगतमा उत्पादित मौज्दात सिमेन्ट बिक्री वितरण भइरहेको छ । उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्षमा दुई लाख ४९ हजार चार सय ५६ बोरा सिमेन्ट हालसम्म बिक्री भइसकेको छ ।उद्योगका महाप्रबन्धक पाण्डेले उद्योग सञ्चालनसँगै निरन्तररुपमा सिमेन्ट उत्पादनका लागि कोइला खरिद प्रक्रिया सुरु गरिएको बताए । कोइलाको आपूर्ति हुनासाथ काम अगाडि बढाइने उनले जानकारी दिए । उद्योगले एकपटक बोलपत्र आह्वान गर्दा १३ हजार टन कोइला आपूर्ति हुने गरेको छ ।

आव वर्ष २०७६/७७ देखि २०७८/७९ सम्ममा उद्योगलाई रु ६५ करोड ४७ लाख १६ हजार सात सय ८२ नोक्सान भएको थियो । गत आवमा मात्र रु २३ करोड ५५ लाख नोक्सान भएको थियो । उद्योग सञ्चालनको माग गर्दै अखिल नेपाल मजदुर सङ्घले आन्दोलन गरिरहेको छ । उद्योगमा हाल ज्यालादारी तथा स्थायी गरी करिब तीन सय कर्मचारी कार्यरत रहेका छन् । यसैबीच हेटौँडामा निजी क्षेत्रबाट सञ्चालित शिवम् र त्रिद्दीसिद्दी सिमेन्ट उद्योग निन्तर सञ्चालित छन् ।

# नेपालमा चरा उत्सव

टुडे समाचारदाता

मध्यविन्दु । दोस्रो नेपाल चरा उत्सव यही माघ २६ देखि २८ गतेसम्म नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोतीमा हुने भएको छ । चरा तथा तिनको बासस्थानको संरक्षण, जनचेतनासँगसँगै सरोकारवालालाई जीविकोपार्जनमा टेवा पुग्ने गरी चरा पर्यटनको विकास गर्ने उद्देश्यका साथ चरा उत्सव आयोजना गर्न लागिएको हो ।

तीन दिनसम्म कावासोती नगरपालिका-१३ मा सञ्चालन गरिने उत्सवको मुख्य उद्देश्य चराको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्नु रहेको नेपाल चरा उत्सवका संयोजक मनशान्त घिमिरेले जानकारी दिए । नेपालमा सन् २०१८ मा पहिलो पटक चरा उत्सव भएको थियो । पछि सन् २०१९ मा कास्कीको पोखरामा चरा उत्सव आयोजना गरिएको थियो । उक्त उत्सवमा पाँचबुँदे घोषणापत्र जारी गरिएको थियो । कोभिड-१९ का कारण रोकिएको उत्सव पुनः आयोजना गर्न लागिएको उनले बताए ।

उत्सवमा जैविक विविधताको क्षेत्रमा काम गर्ने ३९ सङ्घसंस्थाका प्रतिनिधि, भारत, भूटान, श्रीलङ्का, मलेसिया, हङकङ, सिङ्गापुर, फिलिपिन्स, जापान, स्विजरल्यान्ड, अमेरिका, आयरल्यान्ड, बेलायतलगायत देशबाट प्रतिनिधिको सहभागिता रहने 'वर्ल्ड एजुकेसन सोसाइटी'का अध्यक्ष टीकाराम गिरीले बताए । उत्सवमा पक्षी पहिचान तालिम, ट्रेल प्याकेज, फोटो प्रदर्शनी, पक्षीकला प्रतियोगिता, पक्षी अवलोकन, गिद्धका गतिविधि अवलोकन, जङ्गल सफारी, लोकसांस्कृतिक प्रस्तुति, पक्षी सँगोष्ठी, कक्ष प्रदर्शनी, निःशुल्क स्वास्थ्य शिविरलगायत गतिविधि गरिने छन् ।

नेपालमा आठ सय ९४ प्रजातिका पक्षी पाइन्छन् । नवलपुरको नारायणी नदी र चितवन राष्ट्रिय निकुञ्ज आसपास पाँच सय ६५ प्रजातिका चरा पाइन्छन । नेपालमा विश्वमै दुर्लभ मानिएका ४३ प्रजातिका चरा पाइने गरेकामा नारायणी नदी र चितवन राष्ट्रिय निकुञ्ज आसपास ३९ प्रजातिका चरा पाइन्छन् । पोखरा पक्षी समाजको आयोजना, जटायु रेस्टुरेन्ट व्यवस्थापन समिति र वर्ड एजुकेसन सोसाइटीको सहआयोजनामा चरा उत्सव सञ्चालन गर्न लागिएको हो । उत्सवको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष र नेपाल पन्छी संरक्षण सङ्घले समन्वय गरेका छन् ।

# उदाहरणीय बन्यो सुन्तला बगान

टुडे समाचारदाता

इलाम । जिल्लाका विभिन्न क्षेत्रमा सुन्तला मासिँदै गएर उत्पादनमा कमी आएका बेला इलामको एउटा बगान भने उदाहरणीय बनेको छ । बीस रोपनी क्षेत्रफलमा इलाम नगरपालिका-५ बरबोटेका किसान सामवेद चापागाईंले गर्नुभएको सुन्तला खेती लोभलाग्दो छ ।

यस वर्ष उनले रु १० लाखमा बगान बिक्री गर्नुभयो । लटरम्म फलेका सुन्तला चाख्न, फोटो खिच्न र खेतीको तरिका सिक्न स्थानीय बगानमै पुग्न थालेका छन् । सामवेद र उहाँकी पत्नीलाई त्यहाँ आउने पर्यटकको घुइँचो व्यवस्थापन गर्न यतिबेला भ्याइनभ्याइ हुन्छ । पुस पहिलो सातादेखि अहिलेसम्म उनको घर वरिपरि पहेँलपुर सुन्तलाको भिडियो बनाउने, फोटो खिच्ने र सुन्तलाबारीमै रमाउनेको आउ-जाउ बाक्लो छ ।

नगरप्रमुख केदार थापाले उनको बगानमा पुगेर अवलोकन गरेका छन्। नगरप्रमुख थापाले नगरले किसानका लागि विभिन्न अनुदान र सहयोगका कार्यक्रम वास्तविक किसानसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन्। "सरकारले दिने अनुदान पनि वास्तविक किसानसम्म पुग्यो भने मात्रै कृषिमा प्रोत्साहन हुन्छ", उनले भने, "नगरपालिकाले किसानका लागि विभिन्न कार्यक्रम ल्याएको छ, दूध, चिया, अलैँचीजस्तै सुन्तला पनि किसानको निकै सम्भावनायुक्त खेती हो भन्ने उदाहरण यो बगानले देखाएको छ ।"

नगर प्रमुखसँगै बगान पुगेका इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्ण पौडेलले चापागाईंजस्ता मेहनती किसान सबैका लागि प्रेरणा भएको बताए । "हामी उपभोक्ताले पनि स्थानीय उत्पादनलाई नै प्राथमिकता दिने हो भने किसानलाई निकै ठूलो सहयोग पुग्छ", पौडेलले भने, "फलफूलका रूपमा पनि आयातितलाई भन्दा स्थानीय उत्पादन नै उपभोग गर्नुपर्छ भन्ने चेतना विकास गर्नु आवश्यक छ ।"

किसान सामवेद सशस्त्र द्वन्द्वका पीडित छन् । उनका बुबा लेखनाथको सशस्त्र द्वन्द्वकालमा हत्या भएको थियो । त्यसपछि सामवेदको परिवार जिल्लाकै नामसालिङ गाउँबाट बरबोटेमा बसाइ सरेको रहेछ । नामसालिङमै हुँदा पनि सुन्तला खेतीमा रमाएको उनको परिवार २० वर्षयता बरबोटेमा पनि सुन्तलामै सफलता हासिल गरिरहेको छ । उनको सुन्तला बगान यो सालको जिल्लाकै ठूलो बगान पनि हो । कुनै वर्ष रु तीन हजारमा बिक्री भएको सुन्तला किसान चापागाईंले यो साल रु १० लाखमा बिक्री गरेका छन्।

सुन्तला लगाएको पहिलो वर्ष रु तीन हजारमा बिक्री गरेको सम्झँदै सामवेदले यस वर्ष आफ्नो बगानको सुन्तला पाक्न नपाउँदै रु १० लाखमा बिक्री भएको बताए । जिल्लाका विभिन्न ठाउँमा सुन्तला मासिँदै गएकाले चापागाईंको जस्तो बगान भेट्न निकै मुस्किल पर्छ । "गत वर्ष रु चार लाखमा बिकेको यो बगानमा यस वर्ष उत्पादन राम्रो छ", उनले भने, "धेरैतिर उत्पादन कम भएपछि व्यापारीले पोहोरको तुलनामा दोब्बरभन्दा बढी मूल्य दिएका छन् ।"

कृषि ज्ञान केन्द्रले पनि चापागाईंको बगान नै इलाममा अहिले सबैभन्दा बढी सुन्तला उत्पादन हुने बगान रहेको हुनसक्ने जनाएको छ । केन्द्रले किसानलाई सुन्तला खेतीमा अनुदान र प्राविधिक सहयोग गरिरहेको बताएको छ । जिल्लामा भने सुन्तला उत्पादन घटेको छ । गत वर्ष दुई हजार सात सय ४४ मेट्रिक टन सुन्तला उत्पादन भएको इलाममा यस वर्ष दुई हजार सात सय ४० मेट्रिक टन सुन्तला उत्पादन भएको कर्मचारी रुजन खड्काले बताए । कार्यालयका अनुसार यस वर्ष इलाममा विगतको तुलनामा सुन्तलाखेती गर्ने क्षेत्रफलसमेत घटेको छ । आव २०८०/८१ मा दुई सय ७८ दशमलव पाँच हेक्टरमा मात्र सुन्तलाखेती भएको छ । गत आव २०७९/८० मा दुई सय ८० हेक्टरमा सुन्तलाखेती गरिएको थियो । इलाम-५ माइजोगमाईको नामसालिङ, रोङको वडा नम्बर-६ लगायत क्षेत्रमा व्यावसायिक रुपमा सुन्तला उत्पादन भएको उनले बताए ।

"पुरानो बोट, रोग-कीरा, मौसम परिवर्तन, समयमा काटछाँट, सिँचाइ अभाव, जलवायु परिवर्तनको असर आदि कारणले पनि बगान मासिँदै गएका छन्", उनले भने, "अहिले उच्च क्षेत्रमा पनि सुन्तला फल्न थालेको खबर आएका छन्, किवीखेती हुने स्थानतिर सुन्तला फलेको पाइएको छ ।" केन्द्रले पनि सुन्तला मासिन नदिन बगैँचा व्यवस्थापन सुदृढीकरण कार्यक्रम सुरु गरेको छ । चार नगरपालिका र छ गाउँपालिका भएको इलामका दश स्थानीय तहमा नै सुन्तलाको आंशिक खेती हुँदै आएको छ ।

# विद्युत् उत्पादनमा रोक लगाउन माग

टुडे समाचारदाता



किमाथाङ्का । संखुवासभाको भोटखोला गाउँपालिकामा रहेको ऐतिहासिक एवं धार्मिक महत्व बोकेको बरुण नदीबाट विद्युत् उत्पादन गर्ने भएपछि यस नदीको अस्तित्व खतरामा पर्ने भएको छ ।

मौलिक पहिचानका साथै अलौकिक शक्ति रहेको भनिएको उक्त नदी संरक्षण हुन नसक्दा यसको महत्व गुम्ने खतरा बढेपछि विद्युत् उत्पादनमा रोक लगाइएको भोटखोला गाउँपालिका अध्यक्ष वाङ्छेदर भोटेले बताए । उहाँका अनुसार गाउँपालिकाको १३औँ बैठकबाट धार्मिक तथा सांस्कृतिक सम्पदा क्षेत्रअन्तर्गत पर्ने बरुण नदीबाट विद्युत् उत्पादन रोक लगाउने निर्णय भएको थियो ।

नदीबाट १३२ मेगावाटको जलविद्युत् आयोजना निर्माणका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गत कात्तिक २३ गते निर्माण कम्पनीलाई अनुमति दिएको थियो । विद्युत् उत्पादनका लागि विद्युत् विकास विभागले धार्मिक तथा सांस्कृतिक सम्पदा क्षेत्रको अध्ययन नगरी निर्माण कम्पनीलाई कामको जिम्मा दिनु आपत्तिजनक भएको गाउँपालिकाका अध्यक्ष भोटेले बताए । ऐतिहासिक महत्वको मौलिक पहिचानको अस्तित्व खलल पार्ने किसिमबाट भएका गतिविधि कुनै हालतमा मान्य नहुने उनको भनाइ थियो ।

बरुण नदीले ऐतिहासिक, धार्मिक एवं मौलिक पहिचान बोकेकाले यहाँबाट बिजुली उत्पादन गर्न नदिने भन्दै स्थानीयवासीले विरोध गरेका छन् । गोमुख गङ्गाको शिर बरूण नदी भएकाले ८४ हजार पितृको उद्धारका लागि शिवजीले जटा फिँजाएर गङ्गाबाट सेचन लिएको स्थानका रुपमा यसलाई लिने गरिएको पौराणिक मान्यता छ । यसरी पौराणिक महत्व बोकेको नदीको अहिले संरक्षण नहुँदा भविष्यमा यसको अस्तित्व हराउन सक्ने स्थानीयवासी बताउँछन् ।

सत्ययुगमा जलका देवता इन्द्रले संरक्षण गरेका चार दिक्पालमध्ये दोस्रो दिक्पालका रूपमा बरूणलाई लिइएको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । यस नदीको पानीको रङ अन्य नदीकोभन्दा फरक अर्थात् नीलो छ । बरुण नदी किनारमा माघ १ गते लाग्ने मकर मेला, भोट क्षेत्र र तल्लो क्षेत्रका बासिन्दाबीचमा भेटघाट गर्ने मुख्य थलोका रूपमा लिइने गरिन्छ ।

# ढुवानी व्यवसायीद्वारा 'होल्डिङ सेन्टर'को माग

टुडे समाचारदाता



भरतपुर । नेपाल पशुपन्छीजन्य व्यवसायी सङ्घले पशु ढुवानीका लागि 'होल्डिङ सेन्टर'को व्यस्थापन गरिदिन माग गरेको छ । पूर्वपश्चिम राजमार्गमा आठ/आठ घन्टाको अन्तरमा पायक पर्ने गरी होल्डिङ सेन्टरको व्यवस्थापन गरिदिन सङ्घले माग गरेको हो ।

एनिमल नेपालले भरतपुरमा आयोजनागरेकोपशुकल्याणसम्बन्धी सरोकारवालाबीचको अन्तर्क्रिया कार्यक्रममा सङ्घले आधुनिक पशु ढुवानी साधनको व्यवस्था मिलाउन ठाउँठाउँमा होल्डिङ सेन्टर आवश्यक पर्नेमा जोड दिएको हो । सङ्घका महासचिव किशोरप्रसाद शर्माले राँगा, भैँसी ढुवानीका लागि होल्डिङ सेन्टर नहुँदा पशु ढुवानी गर्न समस्या भएको बताए । पशु ढुवानी गर्दा आठ घन्टाको अवधिमा पशुलाई ओरालेर दाना पानी खुवाउनुपर्ने भए पनि होल्डिङ सेन्टर नहुँदा गन्तव्यमा लैजान कठिन भएको उनको भनाइ छ । नेपालमा पाँच स्थानमा पशु क्वारेन्टाइन भए पनि होल्डिङ सेन्टर छैन ।

पशु सेवा ऐन २०५५ तथा सोको नियमावली २०५६, पशु ढुवानी मापदण्ड २०६४ अनुसार पशु ढुवानी गर्दा गाडीमा घाँस, पराल र दाना राखेको हुनुपर्छ । पशु ढुवानी नियमावली लागू गराउन सरोकारवाला पक्षको चासो देखिँदैन । पशु ढुवानी व्यवसायी वैकुण्ठ बलामीले पशु ढुवानीको मापदण्ड पूरा गर्न भौतिक संरचनामा सुधार गर्नुपर्ने बताए । उनले बुटवल-नारायणगढ सडक विस्तारका कारण पशु ढुवानी गर्न समस्या भएकोसमेत बताए । तराईका विभिन्न जिल्लाबाट चितवन हुँदै राँगा भैँसी राजधानी भित्रने गर्दछन् । व्यवसायीले रामनगर र गैँडाकोट क्षेत्रमा पशुलाई ओरालेर दाना पानी खुवाउन होल्डिङ सेन्टरको व्यवस्था गर्न माग गरेका छन् ।

चितवनमा होल्डिङ सेन्टर स्थापना गर्न दुई वर्षअघि रु तीन करोड ८० लाख समेत विनियोजन गरिएको थियो । तर जग्गा नहुँदा रकम फ्रिज भएर गएको पशु क्वारेन्टाइन चितवनका प्रमुख शिरिष गौतमले जानकारी दिए । होल्डिङ सेन्टरका लागि जग्गा भाडामा लिन भन्दै सरकारले रु दुई लाख ४० हजार बजेट यस बर्षपनि विनियोजन गरेको उनले बताए । तर, जग्गा उपलब्ध नहुँदा यो रकम फिर्ता हुने सम्भावना रहेको उनले बताए ।

भरतपुरमहानगरपालिकाकाउपप्रमुख चित्रसेन अधिकारीले पशु ढुवानी मापदण्डअनुसार गर्न व्यवसायीलाई अनुरोध गरे । अधिकारीले स्थानीय तहबाट पनि केही कमीकमजोरी भएको भन्दै होल्डिङ सेन्टर स्थापना गर्न पहल गर्ने प्रतिबद्धता जनाए । चितवनका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले आगामी दिनमा पशु कल्याणको पालना गर्दै ढुवानी गर्न व्यवसायीलाई निर्देशन दिए ।

व्यवसायीलाई समस्या भएको ठाउँमा समन्वय गर्न तयार रहेको भन्दै पशुसम्बन्धी मापदण्ड कार्यान्वयन गर्न उनले अनुरोध गरे । एनिमल नेपाल चितवनकी प्रमुख सुलक्षणा राणाले राँगा भैँसी ढुवानीमा न्यूनतम मापदण्ड पनि पालना नभएको बताए । उनले ढुवानी गर्दा गाडीमा नाक र पुच्छरमा बाँधेर यातना दिँदै यात्रा गराउने गरेको बताए ।


**रतौली बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
RataRauli Saving And credit Cooperative Limited
नेपाल सरकार सहकारी ऐन २०४८ बमोजिम स्थापित

**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना**

यस संस्थाका तपसीलमा उल्लेखित ऋणीले आफ्नो उद्योग, व्यापार, व्यवसाय संचालन गर्न उपभोग गरेको विभिन्न ऋण कर्जा सुविधाहरुको यस संस्था संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि नतिरी नबुझाई संस्था संग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको र संस्थाको लेना रकम चुक्ता भुक्तान गर्न पटक पटक तरताकेता गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले तपसीलमा उल्लेखित ऋणीको नाममा ऋण कर्जा चुक्ता गर्न यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा आफूले उपभोग गरेको ऋणकर्जा पूर्ण रुपले भुक्तान गर्नुहोला अन्यथा यस संस्थालाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसील बमोजिमको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी संस्थाको ऋण असुली तथा बाँकी बक्यौता सम्बन्धि सहकारी नियमाबली २०७५ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाले आफ्नो लेना असूल उपर गरी लिने व्यहोरा समेत सम्वन्धित ऋणी फर्म, सो का प्रोप्राइटर, धितोधनीहरु र व्यक्तिगत जमानीकर्ताहरु तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराईन्छ । साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिन भित्र तिर्न बुझाउनु पर्ने कर्जा रकम चुक्ता भुक्तान नगरेमा कर्जा कालोसूचीमा समावेश गरिने व्यहोरा सम्वन्धित ऋणी फर्म, सोका प्रोप्राइटर, धितोधनीहरु र व्यक्तिगत जमानीकर्ताहरु तथा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसील

| ऋणीको नाम र ठेगाना | कर्जा शिर्षक नं. | जमानत दाताको विवरण |
|---|---|---|
| ऋणीको नाम : नितु कुमारी मिश्र (ना.प्र.नं. १८-०१-७१/०७८२८, जारीः २०७१/१२/१२, महोत्तरी) ठेगाना : रतौली गा.वि.स.१, महोत्तरी, हाल पिपरा गा.पा.-६, रतौली, महोत्तरी<br>ससुरा : दिपनरायण पाण्डेय भुमिहार<br>श्रीमान् : ब्रजेश कुमार पाण्डेय | सहुलियत कर्जा<br>००६६००१२०४००००३११ | शत्रुधन पाण्डेयको नाति, दिपनरायण पाण्डेय भुमिहारको छोरा ब्रजेश कुमार पाण्डेय ठेगाना : रतौली गा.वि.स.१, महोत्तरी, हाल पिपरा गा.पा.-६, रतौली, महोत्तरी |
| ऋणीको नाम : लक्ष्मी ठाकुर हजाम (ना.प्र.नं.४३१८१३१०, मितिः २०३५/०२/२३, धनुषा) कजरा रमौल गा.वि.स. वडा नं.५, धनुषा, हाल जनकपुर उप महानरपालिका-७, धनुषा<br>बाजे : होराइ ठाकुर<br>छोराः महाजन ठाकुर | व्यवसाय कर्जा<br>००६६००१२०१००००१८९ | रामशरण मंडलको नाति, श्री राम सेवक मंडलको छोरा राम पुकार मंडल, ठेगानाः रतौली गा.वि.स. ५, महोत्तरी हाल पिपरा गाँउपालिका-६, रतौली (महोत्तरी) |
| ऋणीको नाम : छबिरन्जन कुमार ठाकुर (ना. नं.१८३०२७/३४१, मितिः २०६३/११/१०, महोत्तरी) ठेगाना : महोत्तरी गा.वि.स.-४, (महोत्तरी), हाल महोत्तरी गाँउपालिका २, (महोत्तरी)<br>वाजे : रामदरश ठाकुर<br>बुबा : राम प्रवेश ठाकुर | व्यवसाय कर्जा<br>००६६००१२०१००००१७६ | |
| ऋणीको नाम : सनतोष कुमार साह (ना.नं. १८३०२७/२०५, मितिः २०६८/०१/२५, महोत्तरी) ठेगाना : महोत्तरी गा.वि.स.-५, (महोत्तरी), हाल पिपरा गाँउपालिका ६, रतौली (महोत्तरी)<br>वाजे : अनुठ साह<br>बुबा : राजदेव साह सुडी | सहुलियत कर्जा<br>००६६००१२०४०००००७८ | सुफल नायकको नाति, चन्देश्वर नायकको छोरा रामवालक नायक, (ना.प्र.नं. १८३०२७/५४३, जारी २०६३/११/१२, महोत्तरी) ठेगानाः रतौली गा.वि.स. ५, महोत्तरी हाल पिपरा गाँउपालिका-६, रतौली (महोत्तरी) |
| ऋणीको नाम : शिव कुमारी देवी (ना.नं. १८-०१-७७/०८५५६, जारीः २०७७/१२/१२, महोत्तरी) ठेगाना : लोहापट्टी ना.पा.-२, (महोत्तरी)<br>वाजे : जुगेश्वर यादव<br>बुबा : रंजित कुमार यादव | सहुलियत कर्जा<br>००६६००१२०४००००३२७ | कुनकुन यादवको नाति, जुगेश्वर यादवको छोरा रंजित कुमार यादव, (ना.प्र.नं. ०४३३४८२७, जारी २०६३/०१/२६, महोत्तरी) ठेगानाः बगडा गा.वि.स. ८, महोत्तरी हाल लोहारपट्टी नगरपालिका-२, बगडा (महोत्तरी) |
| ऋणीको नाम : मनोज कुमार ठाकुर (ना.नं. ७८६४३७१६, जारीः २०५९/१२/२४, महोत्तरी) ठेगानाः महोत्तरी गा.वि.स. -५, (महोत्तरी), हाल पिपरा गाँउपालिका ६,<br>वाजे : राम औतार ठाकुर<br>बुबा : वेचन ठाकुर | सहुलियत कर्जा<br>००६६००१२०४००००२३३ | वेचन ठाकुरको बुहारी, मनोज कुमार ठाकुरको श्रीमती ममता देवी, (ना.प्र.नं. ७८६४४०५७, जारी २०६३/०२/३१, महोत्तरी) ठेगानाः रतौली गा.वि.स. ६, महोत्तरी हाल पिपरा गाँउपालिका-६, रतौली (महोत्तरी) |
| ऋणीको नाम : नरेश चोधरी (ना.नं. ७३९५३०८०,जारीः २०४४/१२/२९, महोत्तरी) ठेगानाः पिपरा गा.वि.स.-१, (महोत्तरी), हाल पिपरा गाँउपालिका ३, ( महोत्तरी)<br>वाजे : गेनाई चौधरी<br>बुबा : बलदेव चौधरी | सहुलियत कर्जा<br>००६६००३२०३००००००५ | सोने मंडलको नाती राम सुदिष्ट मंडलको छोरा नन्द किशोर मंडल, (ना.प्र.नं.७३९५३१८८,जारी२०६३/०२/३१, महोत्तरी) ठेगानाः पिपरा गा.वि.स. ७, महोत्तरी हाल पिपरा गाँउपालिका-४, (महोत्तरी) |

# साखः स्टिल उद्योग अनिश्चितकालका लागि बन्द




**रञ्जन यादव**

बारा । बाराको बजनी स्थित साखः स्टिल उद्योग अनिश्चितकालका लागि बन्द भएको छ । उत्पादन लागत बढेको र बजारमा तुलनात्मक प्रतिस्पर्धा गर्न नसकेपछि उद्योग बन्द गर्नुपरेको साखः स्टिलका प्रबन्धक राजु प्रसाद तिमल्सिनाले जानकारी दिए ।

उद्योग बन्द हुँदा करिब ३ सय मजदुर बेरोजगार भएका छन् । साखः स्टिल करिब २ बर्ष देखि उत्पादन बन्द गरेको थियो । सरकारले स्टिलको कच्चापदार्थ एमएस ब्लेड तथा स्पञ्ज आइरन आयातमा भन्सार तथा अन्तःशुल्कमा ल्याएको विभेदकारी नीतिका कारण उत्पादन लगत बढ्दै गएपछि उद्योग बन्द गर्नु परेको उद्योगीहरूको भनाइ छ । सरकारले स्पन्ज आयात तथा बिलेट निर्यातमा विभेदकारी नीति ल्याएको बताउँदै उद्योगी लामो समयदेखि असन्तुष्ट रहेका छन् ।

उत्पादन लगत बढेको र बजारमा तुलनात्मक प्रतिस्पर्धा गर्न नसकेपछि उद्योगहरु बन्द हुने अवस्थामा पुगेका छन् । भारत तथा तेस्रो मुलुकबाट कच्चा ब्लेड आयात गरी स्टिल (छड) बनाउँदै आएको उद्योग बन्द अवस्थामा पुगेको छ । कात्तिक मसान्तसम्मको तलब मजदुरहरुलाई दिएको र त्यसपछिको तलब दिन नसक्ने भन्दै मजदुरहरुलाई घर पठाइएको प्रबन्धक तिमल्सिनाले बताए । मजदुरहरुलाई घर पठाइएपछि मजदुरहरु श्रम अदालतमा मुद्दा गरेका छन् ।

सरकारको नीति पछि स्पञ्ज तथा फलामका कबाड गलाएर ब्लेड बनाउने उद्योगहरूलाई फाइदा पुगेको छ भने प्रत्यक्षरूपमा हामी ब्लेड आयात गरी उद्योग चलाउनेहरु नोक्सानीमा पर्‍यौं, जसकारण उद्योग बन्द गर्नुको विकल्प रहेन", तिमल्सिनाले भने-"त्यस्तै आर्थिक मन्दी, पूर्वाधार विकासका काममा कमी, घर

**उत्पादन लगत बढेको र बजारमा तुलनात्मक प्रतिस्पर्धा गर्न नसकेपछि उद्योगहरु बन्द हुने अवस्थामा पुगेका छन् । भारत तथा तेस्रो मुलुकबाट कच्चा ब्लेड आयात गरी स्टिल (छड) बनाउँदै आएको उद्योग बन्द अवस्थामा पुगेको छ ।**

निमाणका कामहरु नहुँदा माग नभएको लगायतले पनि उद्योग चल्न सकेनन् ।" एकै प्रकृतिका कच्चा पदार्थ आयात गर्दा फरक दर साथै कच्चा फलाम (एमएस ब्लेड)को भन्सार विन्दुमै अन्तःशुल्क लगाउन थालेपछि उद्योग सञ्चालन गर्नै नसक्ने अवस्था आउँदा साउन महिनादेखि नै बन्द गरेको प्रबन्धक तिमल्सिनाले जानकारी दिए ।

नेपालमा स्क्राप गलाएर सेकेन्ड्री ब्लेडबाट छड बनाउने उद्योग ६/७ वटा र नयाँ ब्लेटबाट छड बनाउँने उद्योग २४/२५ वटा रहेको साखः स्टिलका प्रबन्धक तिमल्सिनाले बताए । उनले कच्चा ब्लेटबाट छड बनाउँदा सेकेन्ड्री भन्दा ११ रुपैया महंगो पर्न जाने बताए । सरकारले कच्चा ब्लेट आयाता गर्ने उद्योग र फलामका कबाड गलाएर ब्लेड बनाउने उद्योगहरूलाई सम्मान दृष्टिकोणले नहेरे सम्म उद्योग चल्न सक्ने अवस्था नरहेको प्रबन्धक तिमल्सिनाले बताए ।

# प्रजातान्त्रिक आन्दोलनका सहिदको प्रतिमाले सम्सीको ओज बढ्यो

**टुडे समाचारदाता**

जलेश्वर । नेपाली प्रजातान्त्रिक आन्दोलनका योद्धा शहीद शिवचन्द्र मिश्रको प्रतिमा सहादतस्थलमा अनावरण भएपछि महोत्तरीको सम्सीबासी दङ्ग छन् । पञ्चायतविरुद्ध प्रजातन्त्र पुनःस्थापनाका लागि ज्यान आहुति दिएका अमर शहीदको शहादतस्थलमै प्रतिमा अनावरण भएपछि सम्सीवासी खुसी देखिएका छन् । पञ्चायतका प्रारम्भिक दिनमै विसं २०१९ असोज ४ गते प्रजातन्त्रका पक्षमा लडेका मिश्रलाई सम्सीमा प्रहरीले समातेर गोली हानेको थियो ।

भर्खर २० वर्ष टेक्दै गरेको अवस्थामा पञ्चायतविरुद्धको आन्दोलनमा सक्रिय भएका मिश्र नेपाली कांग्रेसको आह्वानमा सशस्त्र सङ्घर्षमा होमिएर सम्सी प्रहरीचौकी कब्जा गर्ने क्रममा शहीद भएको पाका सम्सीवासीलाई ताजै छ । "उच्च शिक्षा लिएका भर्भराउँदो उमेरका मिश्रका भाषणले त्यतिखेर रगत उमाल्थ्यो", मनराका बासिन्दा ८० वर्षीय रामचन्द्र मिश्र शहीद शिवचन्द्रलाई सम्झँदै भन्छन्, "निकै लामो कालखण्डपछि सहादतस्थलमै उनको प्रतिमा अनावरण भएको छ, यसले भावी पुस्तालाई उनको सम्झना गराइ रहनेछ ।" अमर शहीद मिश्रको प्रतिमा अहिले 'समुदायसँग कांग्रेस' र 'हुलाकी राजमार्ग संवाद' अभियानका क्रममा महोत्तरी पुगेका कांग्रेसका महामन्त्री गगनकुमार थापाले गरेका थिए ।

मिश्रको शहादतले आफ्नो ठाउँको परिचय प्रजातान्त्रिक आन्दोलनसँग जोडिएर बनेको सम्सीका ७० वर्षीय उत्तिम यादव बताउँछन् । भारत प्रवेशको द्वार, पूर्वपश्चिम हुलाकी राजमार्ग र सम्सी गौशाला सडकको अहिलेको सङ्गमस्थलको चोक नै मिश्रको शहादतस्थल छ । मिश्रको शहादतस्थलबाट नेपाल भारत सीमा (दशगजा) २०० मिटर परमात्र छ ।

पञ्चायतकालमा सशस्त्र सङ्घर्षमा होमिएका प्रजातान्त्रिक योद्धाहरु



सङ्गठनसम्बन्धी सूचना समन्वय भारततर्फ रहेर गर्दै प्रहरी चौकीमा आक्रमण गर्दै बढ्ने गर्थे । यसैक्रममा सम्सी चौकीको आक्रमण प्रयत्नमै मिश्रलाई त्यतिखेरका पञ्चहरुले समातेर प्रहरीलाई बुझाएपछि उनलाई गोली हानी हत्या गरिएको अहिलेका युवापुस्ताले आफ्ना बाबुबाजेबाट सुनेका छन् ।

"उनको साहस र वीरताबारे बुबाले सुनाएको हो", सम्सीका सामाजिक अगुवा ३५ वर्षीय युवा इम्तियाज अहमद भन्छन्, "मुख्यचोकमा अब प्रतिमा अनावरण भयो, शहीदको शहादतस्थल अब चिरकालसम्म सम्झनामा रहनेभयो ।" अहमदले मिश्रको योगदानबारे जानकारी दिन यहाँका स्थानीय तहले स्थानीय पाठ्यक्रम बनाएर विद्यालयमा पठनपाठनको चाँजो मिलाउन आग्रह पनि गरे ।

महोत्तरीकै लोहारपट्टीका शोभित मिश्र र झरियादेवीका कान्छा छोराका रुपमा शिवचन्द्र मिश्रको विसं १९९९ कात्तिक १९ गते जन्म भएको थियो । माध्यमिक तहको अध्ययन (त्यतिखेरको प्रवेशिका) जनकपुरधाममा १३ वर्षको उमेरमै सकेर मिश्र कानुन पढ्न भारत गए । विसं २०१७ मा प्रजातान्त्रिक सरकार अपदस्त गरी राजा महेन्द्रले शासन सत्ता आफ्नो हातमा लिएपछि बढेको राजनीतिक उथलपुथलले मिश्रलाई पनि प्रभावित पार्‍यो । मिश्र कांग्रेस आबद्ध भएर आन्दोलनमा होमिए ।

भारतको विहार प्रान्तका विभिन्न कलेजमा अध्ययन थालेका महोत्तरीका युवा त्यसबेला पञ्चायतविरुद्ध सङ्गठित हुँदै गए । जसमा मिश्रसँगै डाम्हीका चिन्ताहरण सिंह, रामचन्द्र सिंह, पिपराका हरिसुन्दर मिश्र, रतौलीका राजेन्द्र मिश्र र महावीरप्रसाद सिंहसहित विद्यार्थीको मोर्चा बन्यो । त्यसैगरी धनुषाका दुर्गानन्द झा पनि यो समूहमा जोडिए । त्यसैबेला राजा महेन्द्रको जनकपुर भ्रमणको कार्यक्रम बन्यो । यस क्रममा राजा महेन्द्रमाथि बम प्रहार गर्ने यो समूहले योजना बनायो ।

राजामाथि जनकपुरको हवाई मैदान, रङ्गभूमि र जानकी मन्दिर परिसरमा बम प्रहार गर्न फरकफरक तीन टोली बनेका थिए । सोअनुसार विमानस्थलमा अरविन्द ठाकुर, जानकी मन्दिरमा दुर्गानन्द झा र बारहबिघा (रङ्गभूमि) मैदानमा शिवचन्द्र मिश्रलाई बम प्रहार गर्न खटाइएको थियो । त्यसबेलाको घटना सम्झँदै लोहारपट्टीकै कांग्रेस नेता महेन्द्रकुमार मिश्र भन्छन्, "राजा आइपुग्नुअघि नै अरविन्द ठाकुर पक्राउ परे, फलस्वरुप राजा आएपछि जानकी मन्दिर परिसरमा दुर्गानन्द झाले बम प्रहार गरे, तर राजा जोगिए ।"

त्यस घटनापछि बारहबिघाको राजाको कार्यक्रम स्थगित भएर शिवचन्द्रले भूमिका निर्वाह गर्नुपरेन । जानकी मन्दिरको घटनाले भगदौड मच्चियो । त्यो असफलतापछि सीमा नजिकका चौकी आक्रमणको योजना बनेको महेन्द्रजस्तै पुराना कांग्रेस बताउँछन् । विद्यार्थी समूहमा विसं २०१९ असोज २३ गते सम्सी र सर्लाहीको मलङ्गवा आक्रमण गर्ने योजना बनेअनुसार सम्सीमा खटिएका शिवचन्द्र २४ गते बिहान मारिएको महेन्द्रकुमार मिश्र बताउछन् ।

"असोज २३ गते रातभरि दोहोरो हानाहानमा प्रहरी पछि सर्‍यो, तर २४ गते बिहान सम्सीचोकमा भाषण गरिरहेकाबेला पञ्चहरुले समाएर उनलाई प्रहरीको जिम्मा लगाए", महेन्द्र भन्छन्, "जिउँदै समातिएका शिवचन्द्रलाई प्रहरीले तीन गोली दागेर मार्‍यो ।" शिवचन्द्रको शव दशगजा क्षेत्रमै प्रहरीले गाडेको थियो । शिवचन्द्रको हत्यापछि सेना र प्रहरीले लोहारपट्टीमा आतङ्क मच्चाए । उनको काजकिरिया बाजे शङ्कर मिश्रले भारतका तीर्थस्थलमा गएर गरेका थिए ।

कांग्रेसमा आबद्ध भएर आन्दोलनमा होमिदै ज्यान अर्पित गरेका शहीद मिश्रको प्रतिमा अनावरण उनी आबद्ध दलका महामन्त्री गगनकुमार थापाले गरे । प्रतिमा निर्माण र अनावरण हुनुले शहीदप्रतिको सम्मान भाव, आन्दोलनको सम्झना र ठाउँको ओज र परिचय विस्तार भएको सम्सीवासी बताउँछन् ।

# जलेश्वर भन्सारको राजस्व संकलनमा कमी

**टुडे समाचारदाता**

जनकपुरधाम । मुलुकमा रहेको आर्थिक मन्दीको प्रभाव राजस्व संकलनमा पनि परेको छ ।

चालु आर्थिक वर्षको ६ महिनामा महोत्तरीको जलेश्वर भन्सार कार्यालयले लक्ष्यको तुलनामा ८३.९५ प्रतिशत मात्र राजस्व संकलन गरेको छ ।

भन्सार विभागले चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म ६ महिनाको लागि १ अर्ब ८६ करोड ६ लाख ७८ हजार ९ सय ३४ रुपैयाँ राजस्व संकलनको लक्ष्य दिएको थियो । तर सो कार्यालयले उक्त अवधिमा एक अर्ब ५६ करोड १९ लाख ७१ हजार ५ सय रुपैयाँ मात्र संकलन गरेको सूचना अधिकारी सुमित



गुप्ताले बताए ।

विभागले दिएको लक्ष्य प्राप्ति गर्न प्रयासरत रहे पनि आर्थिक वर्ष ०७९/०८० को ६ महिनाको तुलनामा राजस्व संकलन घटेको छ । सोही अवधिमा लक्ष्यको तुलनामा एक अर्ब ४९ करोड ३४ लाख ५३ हजार ५ सय रहेकोमा एक अर्ब ३३ करोड ७० लाख ४६ हजार १ सय ८४ रुपैयाँ मात्र राजस्व संकलन भएको थियो ।

सबैभन्दा बढी राजस्व पेट्रोलियम पदार्थबाट आउने गरेको छ । भारतबाट भिठ्ठामोड नाका भएर नेपाल भित्रिने पेट्रोलियम पदार्थ, कोइला र जिप्सनबाट बढी राजस्व आउने गरेकोले राजस्वमा वृद्धि हुँदै सूचना अधिकारी गुप्ताले बताए । राजस्व उठाउने कार्यमा पेटोलियम पदार्थको ५५ देखि ६० प्रतिशत योगदान रहेको छ ।

हामीले विभागले दिएको लक्ष्य पूरा गर्न प्रतिबद्ध छौं, खुल्ला सीमा नाकाको कारण हुने अवैध व्यापार नियन्त्रणदेखि भन्सार प्रशासन चुस्त दुरुस्त नभएकोले राजस्व प्रभावित हुने गरेको एक कर्मचारीले बताए ।

भन्सार विभागले चालु आर्थिक वर्षमा ३ अर्ब ७६ करोड २३ लाख ६२ हजार ६ सय ८७ रुपैयाँ राजस्व उठाउने लक्ष्य दिएकोमा पुस मसान्तसम्म ५३.९५ प्रतिशत अर्थात् १ अर्ब ५६ करोड १९ लाख ७१ हजार पाँच सय राजस्व उठेको सो कार्यालयले बताए ।

# इन्टर स्कुलमा गोगलको विजयी सुरुवात

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा दोस्रो इन्टर स्कुल टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ । जनकपुर स्पोर्टस क्लब र न्यु भिजन नेपालको आयोजनामा प्रतियोगिता शुक्रबारदेखि सुरु भएको छ ।




प्रतियोगिताको उद्घाटन खेलमा गोगल प्रसाद मावि पाँच विकेटले जित हासिल गरेको छ । गोगल मावि प्रथम इन्टर स्कुल क्रिकेट कपको विजेता पनि छन् । गोगल प्रसाद मावि टस जितेर सुरुवातमा मदर टरेसा पब्लिक स्कुललाई ब्याटिङका लागि आमन्त्रण गरेका थिए । मदर टरेसाका खेलाडीहरु निर्धारित २० ओभरमा चार विकेट गुमाएर एक सय सात रनको लक्ष्य प्रतिद्वन्दी टीम समक्ष प्रस्तुत गरेका थिए । गोगलका लागि सरोज यादव ३७ बलमा २५ र किशन साह १९ बलमा २१ रनको योगदान दिए ।

गोगलका लागि बलिङ गेर्का विमलेश सहनी चार ओभरमा १५ रन खर्चेर एक विकेट र धिरज दासले चार ओभरमा २३ रन खर्चेर एक विकेट लिए । दास एक मेडन ओभर समेत फ्याकेका थिए ।

जवाफी ब्याटिङका लागि आएका गोगल मावि १७ ओभर एक बलमा पाँच विकेट गुमाएर लक्ष्य पुरा गरेका थिए । गोगलका लागि विवेक भण्डारी १६ बलमा २४ र विमलेश सहनी १९ बलमा २१ रन बनाए । यस खेलको म्यान अफ दी म्याच गोगलका विमलेश सहनीलाई प्रदान गरिएको थियो ।

प्रतियोगितामा १६ वटा विद्यालयले भाग लिएका छन् । खेल आइसीसी मान्यता अनुसार भइरहेको छ । प्रत्येक टीमले तीन म्याच अनिवार्य खेल्ने छन् । न्यू भिजन नेपालको अध्यक्ष अम्भु प्रसाद साहको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख मनोज साहको प्रमुख अतिथ्यता रहेका थिए ।

# 'सामन्ती मानसिकतामाथि विराम नलगाइएसम्म विभेद कायमै रहने'

**टुडे समाचारदाता**

जनकपुरधाम । माओवादी कम्यूनिष्ट पार्टीका संयोजक गोपाल किरातीले संविधानमा उल्लेख भए अनुसारको समाजवाद उन्मुख भन्ने शब्दावली नाम मात्रको रहेको टिप्पणी गरेका छन् ।

जनकपुरधाममा शुक्रबार जनकपुरधाम साहित्य, कला तथा नाट्य महोत्सवमा 'नेपाली के ?' भन्ने शीर्षकमाथि भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै पूर्वमन्त्रीसमेत रहेका संयोजक किरातीले संविधानमा समाजवाद उन्मुख व्यवस्था गरिए पनि व्यवहारिकरुपमा कार्यान्वयन हुने अवस्था नरहेको बताए ।

उनले समाजवाद उन्मुखतर्फ जानका लागि वर्तमान निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको बताए । जातिगत जनसंख्याको आधारमा निर्वाचन प्रणाली स्थापना गरिएमा संविधानले अंगीकार गरेको समाजवादले व्यवहारिकरुपमा अग्रसरता पाउने उनले बताए । संयोजक किरातीले नेपालको संविधान कमजोर ीसहितको उपलब्धिपूर्ण रहेको बताए । उनले भने- ' अहिलेको संविधानमा अपर्याप्तता सीमा र जघन्य समस्या रहेको छ, जसले गर्दा संविधानको धारा ३ मा रहेको व्यवस्थाको उल्लंघन भइरहेको छ ।'

उनले टोपी लगाएर टोपी दिवस मनाउनेहरुले गर्दा संविधान उल्लंघन भए पनि राज्यले त्यस्तालाई




कारवाही न गरी धोती लगाएर धोती दिवस मनाएको नाममा पक्राउ गर्नु दुःखद रहेको बताए । उनले टोपी दिवसको नाममा मुलुकमा फेरि पनि विभेदलाई कायम राख्न खोजेको बताए । त्यसैले गर्दा अझैसम्म पनि प्रदेश १ मा आन्दोलन जारी बताउँदै संयोजक किरातीले संविधनको धारा ३ को विरुद्धमा लाग्नेहरु विखण्डनकारी र आतंककारी रहेको बताए ।

उनले पृथ्वीनारायण शाहले सुरुवात गरेको गोर्खाली सामन्ती सैनिक राज्यको सुरुवात गरेको स्मरण गर्दै यसको विराम नहुँदासम्म सामन्ती राज्य विस्तारवादी मानसिकता वर्तमान राज्यको समेत रहेको संयोजक किरातीले बताए । उनले गोर्खाली राज्य व्यवस्था

**यस क्षेत्रमा दुरदराजबाट आएकाहरुले आफ्नो इतिहासलाई थोपार्दै नाममात्रको राज्य बनाएर यहीका नागरिकलाई नेपाली होइन भनेर हेप्ने कार्य भएको छ ।**

विरुद्धको तेश्रो आन्दोलन आवश्यकता रहेको भन्दै यसका लागि गोर्खालीले विस्तार गरेको भौगोलिक, सैनिक र प्रशासनिक विस्तारको रुप फेरिए पनि सैनिक र प्रशासनिक क्षेत्रतर्फ आंशिकरुपमा जारी रहेकोले यसको समापन गर्न आन्दोलन नै गर्नुपर्ने स्पष्ट पारे ।

मधेश प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र मैथिली विकास कोषको आयोजना एवं जनकपुरधाम उपमहानगरपालिकाको सह-आयोजनामा भइरहेको पाँच दिवसीय कार्यक्रममा नेकपा एकीकृत समाजवादीका स्थायी समिति सदस्य तथा पूर्व मन्त्री रामचन्द्र झाले विभिन्न कालखण्डबाट गुज्रेर बनेको देश नेपालमा नेपाली हुँ भनेर संघर्ष गर्नुपर्ने आवश्यकता हुनु नै दुःखद रहेको बताए ।

पूर्वमन्त्री झाले यस क्षेत्रमा दुरदराजबाट आएकाहरुले आफ्नो इतिहासलाई थोपार्दै नाममात्रको राज्य बनाएर यहीका नागरिकलाई नेपाली होइन भनेर हेप्ने कार्य भएको बताए । उनले नेपालमा लामो समयदेखि अधिकार, पहिचानलगायतका लागि आन्दोलन हुनुको कारणपनि यही रहेको स्पष्ट पारे ।

त्यसैगरी लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले लेनिनले हरेक व्यक्ति राष्ट्र भनेको स्मरण गर्दै उनले नेपालमा भने हरेक व्यक्तिले आफ्नो राष्ट्रसहित आफ्नो नाम लिन सक्ने अवस्था नरहेको बताए । मधेश प्रदेशका पूर्वमन्त्री रहेका वरिष्ठ उपाध्यक्ष सोनलले नेपालमा पहिचान, संस्कृतिलगायतलाई मान्न नसक्दा विगतमा मधेश आन्दोलन भएको र यसबाट अधिकार लिनु पर्ने बाध्यता रहेको बताए । उनले हामी मधेशी रहेर पनि अहिलेसम्म नेपाली भनाउन नसक्नु अझै पनि संघर्ष गर्न आवश्यक रहेको बताए ।

यसै महोत्सवमा जनकपुर गाथा, मिथिला मधेश उर्वर की जर्जर ?, वक्तृत्वकला प्रतियोगिता, भाषा एक नाम अनेकलगायतका शीर्षकमाथिसमेत सहभागी भएका विद्वानहरुले गम्भीर छलफल गरे ।

समाचारदाता चाहियो

रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ ।

इमेल : jtodaynews@gmail.com

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८